# अध्याय एक

# शोधपत्रको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव समाजको विकासका विभिन्न चरणहरूमध्ये सिकारी तथा कन्दमूल सङ्कलन गर्ने, पशुपालन गर्ने चरणसम्म अपराध सम्बन्धी कुनै गुन्जायस थिएन भन्न सकिन्छ । जब कृषि समाजको सुरुआत भयो, तब अर्थ व्यवस्थाको पनि सुरुआत भयो जसको रक्षाको निम्ति विभिन्न मूल्य मान्यता, नियमहरूको विकास भयो सोको उल्लङ्घनलाई अपराध मानिन थालियो । अपराध सार्वभौमिक प्रक्रिया हो । अपराध मानिसले गर्छ । मानिसबाट गल्ती हुनु अचेतन मनको आबेग हो । अपराध सम्बन्धी केही परिभाषाहरू निम्नानुसार छन् :

ब्लाकस्टोन “सार्वजनिक कानुनले नगर्नु भनेको कार्य गर्नु र गर्नु भनेको कार्य नगर्नु नै अपराध हो ।”

लेडिल्स “अपराध त्यस कार्यलाई भनिन्छ, जुन कार्यलाई राज्यले जनताको कल्याणको निम्ति हानीकारक घोषित गरी त्यो कार्य गरेमा दण्ड दिने व्यवस्था हुन्छ ।”

ग्रिन “कानुन भनेको राज्यद्वारा लागु गरिएको अधिकार र दायित्वको व्यवस्था हो” ।

निष्कर्षमा भन्न सकिन्छ कि अपराध समाजद्वारा तिरष्कृत एवं बहिष्कृत गरिएका त्यस्ता कार्यहरू हुन् जसलाई राज्यले कानुनी माध्यमद्वारा निषेध गरेको हुन्छ र जसको उल्लङ्घन गरेमा उल्लङ्घनकर्ताले सजायको भागिदार बन्नु पर्छ ।

अपराध नियन्त्रण गर्नु राज्यको काम हो । आफ्नो राज्यको भौगोलिक सिमानाभित्र हुने अपराधलाई नियन्त्रण गर्ने र अपराधीलाई दण्ड दिने काम राज्यहरूले स्थापना कालदेखि नै गर्दै आएका छन् । नेपाल पनि यसको अपवाद होइन । नेपालको प्राचीन शासन विधि धर्मद्वारा निर्देशित थियो । त्यसैले प्राचीन नेपालमा अपराधीलाई दण्ड दिनाका लागि धर्मको आड लिइन्थ्यो । समाजलाई धर्मको आधारमा विभिन्न वर्ग र जातहरूमा वर्गीकरण गरिएको थियो । पाप र धर्मका आधारमा अपराधीहरूलाई कठोर शारीरिक दण्ड दिइन्थ्यो भने उच्च जातका मानिसले गरेका सामान्य खालका अपराधहरूमा चाहिँ प्रायश्चित गराउने र जरिवाना गर्ने चलन थियो ।

गम्भीर अपराधमा संलग्न भएका अपराधीहरूलाई दण्ड दिँदा प्रायजसो मृत्युदण्ड दिइन्थ्यो । मृत्युदण्ड दिँदा अपराधीलाई पेटमा सुइरोले रोपेर, घाँटीमा धारिलो हतियारले रेटेर तथा घाँटीमा झुन्ड्याएर दिइन्थ्यो । मृत्युदण्ड बाहेकको कठोर शारीरिक दण्ड दिन हात, हातका औँला, खुट्टा तथा शरीरका अरु संवेदनशील अङ्गहरू काट्ने जस्ता डरलाग्दा विधिहरू अपनाइन्थे । ठुला ठुला पदमा बसेका मानिसले जतिसुकै गम्भीर अपराध गरे पनि तिनलाई शारीरिक दण्ड दिनुको साटो थुन्ने चलन थियो । थुन्ने ठाउँ कहाँ र कस्तो अवस्थाको थियो भन्ने कुरा कतै उल्लेख गरेको पाइँदैन तैपनि यस्ता मानिसलाई कठोर निगरानी र बन्धनमा राखिन्थ्यो भन्ने कुरा इतिहासमा पाइन्छ (गुरागाईं:२०५४) ।

काठमाडौको जीर्ण र भग्न अवस्थामा रहेको केन्द्रीय कारागारलाई नै नेपालको पहिलो कारागार भन्ने गरिएको छ, तर यस कारागारलाई नेपालकै पहिलो कारागार भनेर मान्नका लागि पर्याप्त आधारहरू छैनन् । वि.सं. १९५१ सालमा बनेको यो कारागार नै पहिलो कारागार मानिन्छ तर यस अगाडि पनि मानिसलाई थुनिएको तथ्य भेटिन्छ । वि.सं.१९१० सालमा श्री ५ सुरेन्द्रकै पालामा मुलुकी ऐन तर्जुमा हुँदा तत्कालीन प्रधानमन्त्री जङ्ग बहादुर राणाले जेलको पनि थिति बाँधेका थिए । नेपालका पहिला प्रधानमन्त्री भीमसेन थापालाई लगनटोलको एउटा पाटीमा पालो पहरासहित थुनिएको थियो । जङ्ग बहादुर राणाले स्वयं आफ्नै भाइलाई थुन्नाका लागि भारतको वेतिया जेलमा पठाएका थिए । आदिकवि भानुभक्त आचार्यलाई वसन्तपुरको कुमारी चोकमा थुनिएको थियो (खनालः २०३३) ।

राणा शासनको पतनपछि कारागार निर्माण गर्ने प्रकिया लगभग ठ्याप्पै रोकियो । त्यसपछि वि.सं.२०२१ सालदेखि फेरि कारागारहरू बन्न थाले । नेपालमा हालमा प्रयोगमा रहेका धेरैजसो कारागारहरू या त राणा शासन कालमा या त पञ्चायती शासन कालमा बनेका देखिन्छन् । उल्लेख योग्य कुरा के छ भने नेपालमा जति कारागारहरू बने ती सबै निरङ्कुश शासन व्यवस्था भएको अवधिमा बने । त्यसैले नेपालका कारागारहरूलाई निरङ्कुश शासन प्रणालीको उपज मान्न सकिन्छ ।

पञ्चायती शासनको जग सुदृढतासँगै वि.सं. २०२५/२६ सालदेखि हरेक सदरमुकाममा कारागारहरू बन्न थाले । पञ्चायती शासन कालको पछिल्लो दशक नेपालमा कारागार निर्माणको दृष्टिले महत्त्वपूर्ण रहि आएको छ ।

वि.सं. २०४६ सालमा प्रजातान्त्रिक शासन प्रणाली स्थापना गर्ने उद्देश्यले भएको जन आन्दोलन सफल भयो । त्यसपछि कारागारलाई झन्डै झन्डै डेरा जस्तै प्रयोग गरी

हुर्केका नेताहरू शासन सत्ताको बागडोर सम्हाल्न पुगे । देशमा प्रजातन्त्रको पुनर्स्थापना र अन्तरिम सरकारको गठन सँगसँगै कारागार सुधार गर्ने प्रयास स्वरूप सर्वप्रथम बद्रीराम भण्डारीको अध्यक्षतामा 'कारागार सुधार समिति २०४७' गठन गरियो । यसले 'अनुशासन र दण्ड' नामक एक प्रतिवेदन तयार पारी २०४७ साल माघ १९ गते गृह मन्त्रालयमा बुझायो जसले महत्त्वकाङ्क्षी र खर्चालु सुझावहरू प्रस्तुत गरेको थियो (भण्डारी २०४७) ।

नेपाल अधिराज्यको संविधान २०४७ लागू भएपछि कारागारका ढोकाहरूसम्म पुग्नु मानव अधिकारवादी कार्यकर्ताहरूलाई निकै सजिलो भयो । कारागारको दयनीय अवस्थाप्रति नीति निर्माता, योजनाविद तथा कानुनविद्हरूको ध्यान आकर्षण गराउने उद्देश्यले थुप्रै छलफल, प्रचारप्रसार, समाचार, लेखहरू छाप्ने प्रयासहरू भए ।

नेपालको सबै जिल्लाहरूमा कारागार छैनन् । नेपालका ७५ जिल्लाहरूमध्ये भक्तपुर, बारा, धनुषामा आजसम्म कारागार बनेका छैनन् । बाराका बन्दीहरूलाई वीरगञ्ज कारागारमा त्यसरी नै धनुषा र भक्तपुरका बन्दीहरूलाई क्रमशः महोत्तरीको जलेश्वर र काठमाडौं कारागारमा राख्ने गरिएको छ । यसरी नेपालमा अहिले ७२ जिल्लामा ७४ वटा कारागारहरू मानिस थुन्नका लागि प्रयोग भैरहेका छन् । दाङ जिल्लामा घोराही र तुलसिपुर गरी दुई र काठमाडौंमा केन्द्रीय र चारखाल गरी दुई वटा कारगारहरू प्रयोगमा छन् ।

## १.२ समस्याको कथन

सामाजिक नियन्त्रणको औपचारिक माध्यम अपनाई विभिन्न अपराधरूपी प्रवृत्तिहरूलाई नियन्त्रण र निषेध गर्दै व्यक्तिको सकारात्मक रूपान्तरणका निम्ति स्थापना गरिएका कारागारले वर्तमानसम्म आइ पुग्दा पनि त्यसको वास्तविक मर्मलाई पक्रन सकेको देखिँदैन । गरिबी, अस्थिरता र अराजकता आदि विविध कारणबाट विभिन्न अपराधमा संलग्न व्यक्तिहरूको व्यवहार, प्रवृत्ति र क्रियाकलाप बदल्नका निम्ति आवश्यक पर्ने भौतिक तथा सामाजिक, साँस्कृतिक वातावरण जुन ढङ्गले कारागार क्षेत्रमा हुन पर्ने हो सो भएको देखिँदैन । त्यसको परिणति बन्दीहरूको जीवन पद्धति अत्यन्त दयनीय र नरकीय देखिन्छ । ठाउँको अभावले निदाउन नपाउँदा सम्भव भएसम्म अश्लील फिल्महरू हेरेर, अपराधरूपी अनुभवहरू साटासाट गरेर वा भनौं समग्रतामा नकारात्मक प्रभाव पर्ने विषय वस्तुहरूमा रात बिताउनु पर्ने बन्दीहरूको दिनचर्या बनेको छ । पानीको समस्याले बेला बेलामा आन्दोलन गर्नु पर्ने बाध्यता देखा पर्दछ । सिपमूलक तालिमको व्यवस्था छैन । बन्दीहरू उत्पादन मूलक कामको अभावमा भविष्यप्रति निराश हुदै झन् झन् ठुलो अपराधका निम्ति

तानाबाना बुनि रहेका देखिन्छन् । उपर्युक्त समस्या लगायत अन्य थुप्रै समस्याले ग्रस्त कारागारका बन्दीहरूको जीवन पद्धतिमा परिवर्तन र सुधार ल्याउन वर्तमानसम्मका नीति तथा कार्यक्रमहरू असफल देखिन्छन् ।

कारागारभित्र आन्तरिक प्रशासन सञ्चालन गर्न, शान्ति सुव्यवस्था कायम गर्न, बन्दीहरूलाई अनुशासित, मर्यादित राखी कारागारभित्रको वातावरण शान्त, स्वच्छ र सफा राखी कारागार सञ्चालन गर्नका लागि कारागार प्रमुखले प्रत्येक कारागारमा असल चाल चलन भएका चौकीदार, नाइके, भाइ नाइके आदि नियुक्त गरी कार्य सम्पादन गराउने व्यवस्था छ तापनि कारागारभित्रको वातावरण शान्त, स्वच्छ, सफा र अनुशासित बनेको पाइँदैन ।

यस अध्ययनले यस कारागारमा रहेका बन्दीहरूको अवस्थालाई बाहिर ल्याउनेछ । कारागारलाई सुधार गृहको रूपमा अगाडि बढाउनका लागि पनि कारागारका र बन्दीहरूको अवस्थाको अध्ययन गर्नु पर्ने र नयाँ तथ्य बाहिर ल्याउनु पर्ने आवश्यकता बढ्दै गइरहेको छ । कारागारभित्र बन्दी जीवन विताइ रहेका बन्दीहरू, विभिन्न प्रकृतिका अपराधमा संलग्न बन्दीहरू तिनीहरूको धारणा, अपराध गर्नुको कारण, वर्तमान अवस्था, तिनीहरूको रूपान्तरण हुने चाहना जस्ता सन्दर्भमा विभिन्न प्रश्नहरू उठ्ने गर्छन् । यस अर्थमा कारागारहरूमा रहेका बन्दीहरूको उपर्युक्त प्रश्नहरूको उत्तर प्राप्त गर्ने समस्याको मूल मर्म रहेको छ । बन्दीहरूको सामाजिक आर्थिक अवस्था साथै विविध प्रकृतिका अपराधप्रति उनीहरूको धारणा र प्रश्नहरूको उत्तरको समेत चित्रण गर्नु यसको मूल ध्येय हो ।

## १.३ अध्ययनको उद्देश्य

बन्दीहरूको अवस्था, तिनीहरूको जीवन पद्धति र मुख्य गरी कारागारको समाज बुझ्नु नै यसको सामान्य उद्देश्य हो ता पनि यस अध्ययनको विशिष्ट उद्देश्य निम्न बमोजिम रहेका छन् ।

१. बन्दीहरूको सामाजिक अवस्थाको विश्लेषण गर्ने ।

२. अपराधप्रतिको बन्दीको दृष्टिकोण विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्त्व

कारागार सामाजिक नियन्त्रणको एउटा महत्त्वपूर्ण उपाय र माध्यम हो र कुनै पनि आपराधिक काम गर्ने व्यक्तिलाई कानुनबमोजिम सजायको व्यवस्था अनुरूप कारागारको

व्यवस्था गरिएको हो । कारागारका बन्दीहरूको अवस्थाका बारेमा गरिने यस अध्ययनको बृहत् महत्त्व रहेको छ । विशेष गरी मानव र मानवतासँग सम्बन्धित रहेर हेर्ने हो भने अझ यसको बढी महत्त्व रहेको छ । मानवतावादी पृष्ठभूमिबाट हेर्दा कारागारमा रहेका व्यक्तिहरूलाई गरिने व्यवहार कस्तो हुनु पर्दछ भन्ने कुराको सन्देश पनि यस अध्ययनले दिन सक्छ ।

मानव अधिकारका क्षेत्रमा काम गर्ने सङ्घ संस्था र मानवतावादी चिन्तकहरूका लागि अझ यो अध्ययनले विशेष महत्त्व राख्दछ । कारागारको अवस्था र बन्दीहरूको जीवन पद्धति सम्बन्धी विभिन्न अध्ययनहरू भए ता पनि ती केवल औपचारिकतामा मात्र बढी केन्द्रित देखिन्छन् र व्यवहारमा सुधार हुनु पर्दछ र कारागारलाई सुधार गृहको रूपमा विकास गरिनु पर्दछ भन्ने मान्यताको अनुरूप विकास हुन नसकेको वर्तमान परिप्रेक्ष्यमा यस अध्ययनले कारागारमा सुधार गर्न चाहने सरकार, गैर सरकारी संस्था र व्यक्तिहरूका साथै यसभन्दा पछि जेल सम्बन्धी अध्ययन गर्न चाहने सामाजिक खोज कर्ताहरूका लागि महत्त्वपूर्ण अध्ययन सामग्री हुने छ ।

सामान्य रूपमा जेल जीवन, त्यहाँको वस्तुस्थिति बुझ्नु सामान्य मानिसहरूको नजर र बुझाइ भन्दा टाढाको विषय वस्तु हो । अझ बाहिरका विषय वस्तुहरू समाज, राज्यलाई बजार र अर्थव्यवस्था तथा उन्नत प्रविधिसँग सम्बन्धित विषय र त्यसको समाजसँगको सम्बन्धलाई बुझ्न सके जस्तो गरी जेलको अवस्थालाई बुझ्न सबैको लागि सजिलो विषय होइन । एक हिसाबले भन्दा सामान्य मानिसका लागि यो पहुंचभन्दा पनि बाहिरको विषय हो । त्यसैले यस अध्ययनले त्यहाँसम्म पनि प्रभाव र महत्त्व राख्ने छ भन्न सकिन्छ ।

कारागारको न्यूनतम अवस्था कहाँसम्म हुनु पर्ने हो र अझ सुधारका सम्भावना के छन् र के हुनु पर्दछ भन्ने बारेमा पनि यस अध्ययनले केही कुरा प्रष्ट पार्न सक्नेछ ।

## १.५ अध्ययनको सीमा

यो मूलत प्राज्ञिक अध्ययन हो । यसको मुख्य लक्ष्य समाज शास्त्रमा स्नातकोत्तर तहको उपाधि प्राप्त गर्नु रहेको छ । समय, आर्थिक स्थिति र जनशक्तिको सिमितताले यो निश्चित सिमाभित्र बाँधिएको छ । यसबाट प्राप्त भएको जानकारी म्याग्दी जिल्लाको लागि उपयुक्त भए ता पनि अन्य जिल्लामा लागू नहुन पनि सक्छ ।

## १.६ अध्ययनको सङ्गठन

यस अनुसन्धानलाई अध्ययन गरी जम्मा ६ अध्यायमा विभाजित गरिएको छ। जसलाई तल वर्णन गरिएको छ :

अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सिमा र अध्ययनको सङ्गठन राखिएको छ।

अध्याय दुईमा पूर्व साहित्यको अध्ययन र सैद्धान्तिक पुनरावलोकन राखिएको छ।

अध्याय तिनमा अध्ययनको औचित्य, अनुसन्धानको ढाँचा, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्कका स्रोतहरू, तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण राखिएको छ।

अध्याय चारमा कारागारको परिचय समेटिएको छ।

अध्याय पाँचमा विविधताको आधारमा उत्तरदाताको वितरण, बन्दीहरूको पारिवारिक आर्थिक अवस्था, कारागारको भौतिक सुविधाप्रति बन्दीहरूको धारणा, कारागारको मानसिक तथा मानवीय पक्षसँग सम्बन्धित विषयमा बन्दीहरूको धारणा, कारागारमा हुने यातना प्रति बन्दीहरूको धारणा, कारागार प्रशासन र बन्दीहरूको बिच तथा अन्तर बन्दीहरू बिचको सम्बन्ध, शैली र दृष्टिकोण र विविध मुद्दामा संलग्न बन्दीहरूमा शिक्षा, लिङ्ग र जातिको प्रभाव विश्लेषण राखिएको छ।

अध्याय छ मा अध्ययनको सारांश, निष्कर्ष र सुझावहरू समेटिएको छ।

# अध्याय दुई

# साहित्यको पुनरावलोकन

## २.१ पूर्व साहित्यको अध्ययन

मानव समाज विकासको सिकारी तथा कन्दमूल सङ्कलन र पशु पालन समाजको विकाससम्म कुनै गुञ्जायस नभएको अपराध सम्बन्धी अवधारणा कृषि समाजको विकाससँगै आरम्भ भएको अर्थव्यवस्थाको रक्षाका लागि विकसित विभिन्न मूल्य मान्यता, नियमको प्रादुर्भावसँगै विकसित भयो । समाजद्वारा निर्धारित मूल्य मान्यता र नियमको उल्लङ्घन गर्नुलाई अपराध मानिन थालियो । अपराध सम्बन्धी विगतदेखि वर्तमानसम्म सरल एवं वैज्ञानिक परिभाषाको अभाव खट्किँदै आएको छ । तथापि केहि विद्वानहरूको परिभाषा निम्नानुसार प्रस्तुत गरिएको छ ।

सलियट तथा मेरिल "अपराध त्यो समाज विरोधी व्यवहारलाई भनिन्छ जसलाई जनसमूहले त्यागेको वा दण्डनीय गरेको हुन्छ ।" लेडिस "अपराध त्यो कार्यलाई मानिन्छ जुन कार्यलाई राज्यले जनताको कल्याणको निम्ति हानीकारक घोषित गरी त्यो कार्य गरेमा दण्ड दिने व्यवस्था गरेको हुन्छ ।" ब्ल्याक स्टोन, "सार्वजनिक कानुनले नगर्नु भनेको कार्य गर्नु र गर्नु भनेको कार्य नगर्नु नै अपराध हो ।"

सामान्यतया : अपराधमा दुई पक्ष हुनु पर्छ ।

१) कानुनले कुनै कार्यलाई सामाजिक रूपमा हानीकारक भनी उल्लेख गर्नु पर्छ ।

२) त्यस्तो कार्यवापत सजायको व्यवस्था हुनु पर्छ ।

निष्कर्षमा भन्न सकिन्छ कि अपराध समाजद्वारा तिरष्कृत एवं बहिष्कृत गरिएका त्यस्ता कार्यहरू हुन् जसलाई राज्यले कानुनी माध्यमद्वारा निषेध गरेको हुन्छ र जसको उल्लघंन गरेमा उल्लङ्घन कर्ताले सजायको भागिदार बन्नु पर्छ ।

अपराधका धेरै प्रकारहरूमध्ये यहाँ केही महत्त्वपूर्ण अपराधका प्रकारको सामान्य परिचय प्रस्तुत गरिएको छ ।

### क) सम्पत्ति सम्बन्धी अपराध : डाँकाचोरी

प्रचलित मुलुकी ऐन अनुसार चोरीका निम्न प्रकारहरू छन् १) साधारण, २) नकबजनी, ३) जर्बजस्ती, ४) रहजनी, ५) डाँकाचोरी

डाँकाचोरी : चारजना भन्दा बढ्ताको जमात भई जबर्जस्ती तरिकाले वा हातहतियार लिई, उठाई हुलहुज्जत गरी चोरी गरेमा यसलाई डाँकाचोरी भनिन्छ ।

**ख) ज्यान सम्बन्धी अपराध : कर्तव्य ज्यान**

अर्काको कर्तव्यमा परी मरेमा अर्थात अरुले मनसायपूर्वक लापर्वाहीपूर्वक आवेशबाट प्रेरित भई वा हेलचक्रयाँइपूर्वक केही गर्दा मर्न गएमा त्यसलाई कर्तव्य सम्बन्धी अपराध गरेको मानिन्छ । यसका तिन अवस्थाहरू निम्न छन् :

१) मानिसले मानिसलाई, २) कुनै प्रकारले केही गर्दा, ३) मर्न गएमा वा मर्न पुगेमा (प्रधानाङ्ग : २०५०)

**ग) लागु औषध**

लागु औषध भनेको कुनै पनि किसिमको रासायनिक पदार्थ हो जुन स्वास्थ्य शरीरका लागि प्रयोग गर्नु आवश्यक छैन र यसको प्रयोगले शारीरिक कार्य तथा बनावटमा नै परिवर्तन ल्याउन सक्छ । सबै खालका लागु पदार्थहरूमा व्यसन पैदा गर्ने र शरीरलाई नराम्रो हानी पुऱ्याउने तत्त्वहरू हुन्छन् । यसको असर सबैभन्दा पहिले मानिसको केन्द्रीय स्नायु प्रणालीमा पर्दछ भने अन्य अङ्गहरू जस्तै आमाशय, मृगौला, कलेजो, फोक्सो, मुटु, मांशपेशी आदिको कामलाई पनि प्रभाव पर्दै जान्छ (WHO) ।

**बन्दीगृह**

मानिसले गल्ती वा अपराध गर्दछ तब उसलाई प्रतिशोधपूर्ण रूपमा होइन, उसलाई उसको कार्यप्रति पश्चाताप हुनेगरी पुन त्यस्ता कार्य नदोहोऱ्याउने स्वयं अनुभूति हुने अवस्था सृजना गर्नु जरुरी छ । अपराधी कार्यको स्वयम् अनुभूति हुने गरी उसलाई सुधार गर्ने मनसायका साथ तत्काललाई सामाजिक तथा अन्य नोक्सानीबाट बचाउनका लागि समाजले निर्माण गरेको अवधारणा हो कारागार/जेल/बन्दीगृह ।

**परिभाषा**

सन् १८९४ को अधिनियम, "बन्दीगृह राज्य सरकारद्वारा परिभाषित त्यो संस्था हो जसमा बन्दीहरूलाई स्थायी वा अस्थायी रूपमा राखिन्छ ।"

फेयरचाइल्ड, "एक दण्ड दिने संस्था जसको सञ्चालन राज्यले गर्दछ जसको उपयोग प्रौढ अपराधीका लागि गरिन्छ, जसको सजाय १ वर्ष भन्दा माथि हुन्छ ।"

निष्कर्षमा भन्न सकिन्छ कि बन्दीगृह एक दण्ड दिने संस्था हो जुन राज्यद्वारा सञ्चालित हुन्छ जसमा राखेर बन्दीहरूलाई दण्ड दिइएको हुन्छ, उसलाई सुधार गर्नका लागि बन्दीगृहमा अपराधीलाई यसकारणले राखिन्छ :

१) उसलाई दण्ड दिएर सुधार गर्न

२) अपराधीबाट समाजलाई रक्षा गर्न

**बन्दीगृहको उद्देश्य**

१) अपराधीको दिमागमा पश्चात्तापको भावना जगाउने

२) मानसिक भय पैदा गर्ने जसले गर्दा पुनः अपराध नगरोस्

३) अपराधीलाई सुधार गर्ने

४) समाजमा न्याय दिलाउने (बघेल : सन् १९८६) ।

कारागारको स्थापना र विकाससँगै सामाजिक अपराधलाई निरुत्साहित गर्दै लैजाने उद्देश्यका साथ कारागारलाई सुधार गृहको रूपमा विकास गरी बन्दीहरूको अपराधरूपी जीवन पद्धतिलाई बदलेर जीवन उपयोगी कार्यमा लगाउनका निम्ति सरकारी तथा गैरसरकारी संस्था मार्फत विभिन्न कार्यहरू भएका छन् । ती कार्यहरूको जानकारी विभिन्न लेख, रचना, पुस्तक प्रतिवेदनबाट प्राप्त गर्न सकिन्छ र त्यहाँ कारगार निर्देशिका २०५३, कारागार प्रशासनबाट प्राप्त सूचना तथा पुस्तकालयमा रहेका प्रकाशित अप्रकाशित अभिलेखहरूको माध्यमबाट प्राप्त ज्ञानको संश्लेषण गरिएको छ ।

कारागार निर्देशिका २०५३ अनुसार कारागार प्रशासनको कार्य पद्धतिलाई तुरुन्तै बुझ्नु पर्ने र तद् अनुकुल कार्य सम्पादन गर्नु पर्ने आवश्यतालाई बोध गरी कारागार व्यवस्थापनले भइरहेका परम्परागत नीति, कारागार ऐन, नियम एवं हालसम्मका प्रचलनहरू सबै समेटी कारागार र बन्दीहरूको जीवन पद्धति बदल्ने गरी विभिन्न उपायहरूको वारेमा प्रष्ट पारिएको छ । यसमा बन्दीहरूको अभिलेख राख्ने, भेटघाट र पत्र व्यवहार गर्ने नियम, स्वास्थ्य उपचार, स्थान्तरण, विन्तीपत्र वा दरखास्त आदि लगायत आर्थिक पक्ष समेतलाई उल्लेख गरिएको छ । यो कारागार निर्देशिका ठिक ढङ्गले कार्यान्वयन भएमा केही हदसम्म बन्दीहरूको जीवनमा सकारात्मक सुधार हुने देखिन्छ ।

प्राप्त अभिलेखहरूको अध्ययनबाट इन्सेक, आइ.सी.आर.सी., यु.एन, महिला शसक्तीकरण अभियान आदि विभिन्न सामाजिक र मानव अधिकारवादी सङ्घ संस्थाद्वारा विशेष गरी महिलातर्फ सिलाइ, बुनाइ, उद्घोषण, शैक्षिक प्रशिक्षण लगायतका ज्ञान बर्द्धक

सिपमूलक कार्यहरू भएको पाइन्छ । आई.सी.आर.सी र यु.एन.मार्फत कारागारमा पिउने पानीको व्यवस्था, मानव अधिकार सम्बन्धी केहि प्रयासहरू भएको देखिन्छ । विभिन्न सङ्घ संस्थाहरूले कारागारका बन्दीहरूको भौतिक, सामाजिक तथा मानवीय पक्षमा सुधार गर्ने प्रयासहरू गरेको भए तापनि योजनाबद्ध ढङ्गले कार्यहरू नहुँदा सोचे जस्तो परिणाम प्राप्त हुन सकेको छैन (इन्सेक सन् १९९४) ।

बन्दीहरूका सम्बन्धमा सरकार उत्तरदायी नभएको मात्र होइन, धेरै कमजोरी, त्रुटी तथा लापरवाहीहरू भएको देख्यौं । साह्रै साना जेलहरूमा धेरैभन्दा धेरै बन्दीहरू राख्ने, पागल बन्दीहरूसँगै अन्य बन्दीहरूलाई राखिने, स्वास्थ्य, सञ्चार, मनोरञ्जन, शौचालय आदिको सुविधा नभएको पायौं । साँघुरा र अध्यारा कोठामा सीमित बन्दी गृहमा शौचालय र भान्साहरू पनि सँगसँगै भएको देखियो । महिला बन्दीहरूसँगै नवजात शिशु, नावालिकाहरूको भविष्य पनि कुण्ठित भएको पाइयो । त्यस्तो वातावरण, न्यून गुणस्तरको चामलले गुजारा चलाउँदा शारीरिक मानसिक स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरेको पाइयो । बन्दी राख्ने कोठाका लागि निर्मित कोठाहरूमा प्रहरी प्रशासन बसेर बन्दीहरूलाई जीर्ण र कहाली लाग्दो भवनभित्र सिमित गरेको पनि पाइयो (प्याकुरेलः २०५४) ।

कारागार सुधार हुनु पर्छ भन्ने माग हुन थालेको आधा शताब्दीभन्दा धेरै भयो, कारागारलाई सुधार गर्न सानोतिनो कामको थालनी भएको आधा शताब्दी भइसक्यो तर नेपालका कारागारको अवस्था आज पनि दयनीय छ । अहिलेसम्म कारागार सुधारका प्रयासहरू प्रस्ताव र सुझावमा मात्रै सीमित भए । बितेका आधा शताब्दीको कारागारको सुधार बन्दीको सिधा वृद्धिमै सीमित रह्यो । कारागार सुधार गर्ने नाममा आजसम्म भएका प्रयासहरूलाई केलाउँदा वि.स. २००५ सम्म पुग्न सकिन्छ । कारागारको सुधार गर्न सुझावहरू दिन सुवर्ण शमशेरलाई अध्यक्ष सरहको पद दिएर वि.स.२००५ सालमा जेल सुधार आयोग वनाएको थियो । यस जेल सुधार आयोगले के कति काम गऱ्यो, कस्ता सुझावहरू दियो र आयोगमा अरु को को थिए भन्ने जानकारी कतै पनि पाइँदैन ।

वि.स.२०१६ सालमा नेपालका कारागारहरू सुधार गर्ने उद्देश्यले तत्कालीन मन्त्री तथा नेता गणेश मान सिंहको अध्यक्षतामा जेल सुधार समिति वन्यो । त्यो सुधार समितिमा देशका लब्ध प्रतिष्ठित नेताहरूको सहभागिता थियो । त्यो समितिले कति दिन काम गऱ्यो, कस्तो प्रतिवेदन तयार गऱ्यो र कारागारको सुधार गर्न के कस्ता कामहरू थालिए भन्ने प्रमाण कतै पाइँदैन । प्रजातान्त्रिक आन्दोलनको पहिलो पुस्ताका प्रभावशाली नेताहरू समावेश भएको सो समितिको कामको विषयमा पनि कुनै जानकारी छैन ।

वि.स.२०१७ सालमा प्रजातान्त्रिक शासन प्रणालीलाई समाप्त पारेर पञ्चायती शासन लादियो । त्यसपछि नेपालमा धमाधम कारागारहरू बन्न थाले, कारागारको सङ्ख्या थपिँदै गयो र कारागार सुधारका लागि माग पनि बढ्दै गयो । त्यसैले वि.स.२०२९ सालमा रामहरि शर्माको अध्यक्षतामा एउटा उच्च स्तरीय कारागार सुधार समिति बन्यो । त्यो समितिले कारागारको संरचना र वर्गीकरण गर्न नयाँ र वैज्ञानिक आधारहरू प्रस्तुत गऱ्यो । उच्चस्तरीय समितिले कारागार भित्र र बाहिर सुधार गर्ने क्षेत्रहरू र क्षेत्रीय स्तरका कारागारहरू निर्माण गर्ने विषयमा पनि महत्त्वपूर्ण सुझाब दियो तर ती सुझाब कार्यान्वयन गरिएन । रामहरि शर्माको अध्यक्षतामा बनेको उच्चस्तरीय समितिले तयार पारेको प्रतिवेदन पनि गृह मन्त्रालयमा दराजको शोभा बढाउने काममा मात्रै प्रयोग भयो (गुरागाई :२०५४) ।

२०४६ सालमा प्रजातन्त्रको पुर्नस्थापना भयो । त्यसपछि कारागारहरूको सुधार हुने आशा पनि बलवान भयो । नेपालका कारागारमा लामो समयसम्म डेरा जमाइ सकेका र ती डेराहरूको दुरवस्था भोगेका राजनीतिक पार्टीका कार्यकर्ताहरू सत्तामा पुगे । यस्तो अवस्थामा कारागारहरूको सुधार होला भन्ने अपेक्षा गरिनु स्वाभाविकै थियो । पञ्चायतकालमा गरिएका अध्ययन र सुझाबलाई अपर्याप्त ठानेर बि.सं. २०४७ सालमा बद्रीराम भण्डारीको अध्यक्षतामा कारागार सुधार समिति गठन भयो । अरु समितिहरूले जस्तै यस समितिले पनि एउटा महत्वकाङ्क्षी प्रतिवेदन तयार पाऱ्यो । सो प्रयास पनि प्रतिवेदनमै सिमित भयो यद्यपि २०४७ सालदेखि बन्दीहरूले पाउने सिधा रकम बृद्धि तथा प्रशासनिक संरचनामा सामान्य परिवर्तन गरियो ।

उपर्युक्त सबै प्रयासहरू कारागारको भौतिक अवस्थामा मात्र सीमित देखिन्छन् । तर बन्दीहरूको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षमा तथा मानव अधिकारको पक्षमा गहन अध्ययन हुन सकेको छैन । कार्यक्रमहरू छिटफुट रूपमा सञ्चालनमा रहेको पाइन्छ तर त्यस्ता कार्यक्रमहरू मानिसको विशेष गरी बन्दीहरूको मनोवैज्ञानिक विषयसँग सम्बन्धित भएकाले प्रभावकारी ढङ्गले सञ्चालन हुन सकेका छैनन् र बन्दीहरूको जीवन पद्धतिमा सुधार आउन सकेको छैन ।

समग्रमा हेर्ने हो भने नेपालका कारागारहरू अत्यन्त जीर्ण, फोहोर, साँघुंरा र अस्वस्थकर छन् । देशमा प्रजातन्त्र आएको लामो समय वितिसक्दा पनि जेलभित्र प्रजातन्त्रको उज्यालो घाम पस्न सकेको छैन । विगतमा मात्र होइन, अहिले पनि जेल भन्ना साथ सबैको मनमा चिसो पस्छ । सामाजिक अपराधलाई नियन्त्रण गर्नु राज्यको दायित्व हो ।

राज्य सञ्चालन क्रियाका लागि, देशमा शान्ति सुरक्षा कायम राख्न र अपराध नियन्त्रण गर्न जेलको आवश्यकता महसुस गरिएको हो र अहिले आएर जेललाई सुधार गृहको रूपमा परिभाषित गर्न थालिएको छ (प्याकुरेलः २०५४) ।

नेपालका कारागारमा कम्तीमा १२ वर्षका नावालकदेखि ८० वर्षभन्दा माथिका बृद्ध बृद्धा समेत थुनिएका छन् । बन्दी महिलासँग नेपालका कारागारहरूमा दर्जनौ बालबालिका पनि थुनिएका छन् । आमासँगै कारागारमा थुनिएका बेकसुर वालवालिकाहरूलाई स्वाभाविक माया, ममता, शिक्षा, दीक्षा र राम्रो लालनपालनबाट वन्चित छन् । चौविसै घन्टा कारागारभित्र बन्दी झै दिन विताउन बाध्य छन् ।

नेपालका कारागारहरूको सञ्चालन र व्यवस्थापन गर्ने कानुन (कारागार ऐन) बन्दीहरूसँग सम्बन्धित प्रावधान लागु गराउन कम्मर कसेर लागेको पाइन्छ तर यो ऐनले निर्देशित गरेको कारागारको सुव्यवस्था र बन्दीको सुविधा सम्बन्धी प्रावधानलाई कारागार प्रशासनले सधैंभरी उपेक्षा गर्दै आएको छ ।

नेपालका कारागारमा थुनिएका बन्दीहरू गरिब पारिवारिक पृष्ठभूमिका रहेका छन् । प्रायः सबै कारागारमा बन्दीहरूका स्वास्थ्य सम्बन्धी अनेक खालका समस्याहरू छन् । कारागार ऐनले बन्दीको स्वास्थ्योपचार सम्बन्धी स्पष्ट व्यवस्था गरेको भए पनि बन्दीहरूको राम्रो स्वास्थ्योपचार गरेको पाइँदैन । कारागार ऐनले “मानसिक शारीरिक बिरामी परेका” बन्दीहरूलाई सरकारी चिकित्सकहरूवाट जाँच गराउनुपर्ने, गम्भीर विरामी भए अस्पतालमा राखेर औषधि उपचार गराउनु पर्ने र बन्दीले आफ्नै खर्चले उपचार गराउन चाहे उपचार गराउन अनुमति दिनु पर्ने व्यवस्था गरिएको छ । कारागार ऐनले गरेको यस व्यवस्थालाई प्रभावकारी रूपले कार्यान्वयन गर्न चार सयभन्दा बढी बन्दी रहने कारागारहरूमा डेस्पेन्सरी र डाक्टरको व्यवस्था छ । तराईका अधिकांश र पहाडका धेरै बन्दीहरू भएका कारागारहरूमा स्वास्थ्य सहायकहरूको दरबन्दी तोकिएको छ । राम्रो उपचार हुन नसक्ने ठाउँमा थुनिएका बन्दीहरूको उपचार कारागार सरुवा गरेर पनि गर्ने व्यवस्था ऐनमा छ, तर व्यवहारमा यस ऐनको पालना कमै भएको पाइन्छ । नेपालका प्रायः सबै कारागारहरूमा बन्दीहरूलाई भेडाबाखा झैं गरी मिसमास र खाँदखुँद गरी राख्ने चलन छ । कारागार ऐनले थुनुवा र बन्दीहरूलाई अलग अलग राख्न गरेको कानुनी व्यवस्थालाई कारागार प्रशासनले लागु गर्न सकेको छैन । कारागारहरू पुराना र जीर्ण मात्र होइन, अधिकांश कारागारहरू साँघुरा, चिसा र अत्यन्त फोहोर छन् । अझ महिला बन्दीलाई राखिएका प्रायः जसो

कारागारका कोठाहरू कुनै चिसा, कुनै अँधेरा, कुनै हावा समेत नपस्ने, कुनै हावा र पानी सबै कोठाभित्रै पस्ने, कुनै चर्पी नहुने, कतै सुत्ने ठाउँसँगै जोडिएको र कतै भान्सा सँगसँगै जोडिएको चर्पी हुने, कुनै कारागारमा चौविसै घन्टा कोठाभित्रै बस्नु पर्ने जस्ता समस्या छन् ।

## २.२ सैद्धान्तिक पुनरावलोकन

कुनै पनि विषयको अध्ययन अनुसन्धान गर्दा समाज शास्त्र तथा मानव शास्त्रमा विकसित विभिन्न सिद्धान्तहरू मध्ये सम्बन्धित एक वा बढी सिद्धान्तको उपयोग गरिन्छ । यसरी अनुसन्धान गर्दा बढि वैज्ञानिक, सैद्धान्तिक तथा व्यावहारिक देखिन्छ । त्यसैले यहाँ प्रस्तुत विषयको अनुसन्धान संरचनात्मक प्रकार्यात्मक र घटना शास्त्रीय सिद्धान्तको नजिक रहेर गरिएको छ ।

**संरचनात्मक प्रकार्यात्मक सिद्धान्त** :

यसले समाजलाई एउटा प्रणाली वा व्यवस्था उपागमनबाट विश्लेषण गर्दछ । सिङ्गो सामाजिक व्यवस्थालाई एउटा पद्धति मानेको हुन्छ । समाज र संस्कृतिको अध्ययन गर्ने सम्बन्धमा प्रत्येक विषय वा घटनाक्रमको अध्ययनलाई पूर्णरूपमा बुझ्नका लागि, यसको कार्य कारण सम्बन्ध पहिल्याउनका लागि, सामाजिक सास्कृतिक यथार्थलाई प्रष्ट पार्नका लागि, सामाजिक व्यवस्थाका सबै संलग्न पक्षको एकीकृत रूप र प्रक्रियालाई अध्ययन गर्नु पर्दछ भन्ने मान्यता यसमा रहेको हुन्छ ।

**प्रकार्यात्मक एकता** : यस संरचनात्मक प्रकार्यात्मक नमुनाले आधारभूत रूपमा नै समाजको प्रकार्यात्मक एकतालाई जोड दिन्छ । यसमा समाजलाई एउटा वृहत संरचना मानिन्छ । जहाँ विभिन्न एकाइहरू तथा उपसंरचनाहरूको क्रमबद्ध गठन पाइन्छ । यिनै तत्त्वहरू तथा भागहरूको संयोजनले नै एउटा सामाजिक व्यवस्था निरन्तर अस्तित्वमा रहेको हुन्छ । विभिन्न एकाइहरूको प्रकार्यात्मक सम्बन्ध, एकीकरण र एकताबाट नै समाज विकासको प्रक्रिया निरन्तर चलेको हुन्छ । यसैले यस मान्यता अनुसार समाज, समाजका विभिन्न एकाइहरू बिचको एकिकृत र सङ्गठनात्मक स्वरूप हो । यिनै एकाइहरू बिचको प्रकार्यात्मक सम्बन्धले सामाजिक व्यवस्थालाई स्थायित्व दिएका हुन्छन् ।

**विचलित व्यवहार** : समाज जसरी समानता, सहयोग, सद्भाव र सो कार्यबाट सञ्चालित छ । यसै गरी समाजमा असहयोग, द्वन्द्व, प्रतिशोध तथा सङ्घर्षको स्थिति पनि देखिन्छ । समाजिक पृष्ठभूमिमा नै विभिन्न प्रकृतिका सामाजिक व्यवहार र क्रियाकलापहरू

उत्पन्न हुन्छन् र तिनले समाजिक व्यवस्थामा सकारात्मक तथा नकारात्मक प्रभाव पारेका हुन्छन् । यिनै व्यवहारहरूलाई स्थापित गर्ने माध्यम सामाजिकीकरण हो । सामाजिक नियन्त्रणका माध्यमबाट प्रत्येक अस्वाभाविक, असान्दर्भिक तथा विचलित व्यवहारलाई समाज सापेक्ष पार्ने कार्य गरिन्छ । समाजमा सधै समाज अनुकुलका र समाजलाई प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने समाजिक कार्य हुँदैनन् । बरु सामाजिक विचलित व्यवहार जुन सामाजिक मर्यादाबाट टाढा रहेका, सामाजिक मूल्य मान्यता तथा परम्पराको सिमालाई नाघेका, निश्चित व्यक्ति तथा समुहको हितलाई मात्र प्रश्रय दिएको व्यवहारहरू समाजमा देखिन्छन् । जसलाई सामाजिक विचलित व्यवहार भनिन्छ । सामाजिक विचलित व्यवहारहरूमा अनैतिक कार्य, हत्या, चोरी डकैती, भ्रष्टाचार, जुवातास, जाँडरक्सीको व्यवहार, अरुलाई गाली बेइज्जती गर्ने, धोका कपटी, धुतता, ठगी आदि पर्दछन् ।

सामाजिक विचलन समाज पृथक व्यवहार हो । जसले समाजको संरचना, गठन र मान्यतालाई बिगार्छ तथा विखण्डन गर्दछ । यस्ता व्यवहारमा समाजको स्वीकृति पाइदैन । कालान्तरमा समाजमा अस्थिरता, भय बेचैन, अनुत्तरदायिता जस्ता प्रबृत्तिको विकास हुन्छ ।

समाज शास्त्रीय दृष्टिकोण अनुसार सामाजिक विचलनलाई सकारात्मक र नकारात्मक दुवै पक्षबाट विश्लेषण गरिन्छ । अझ भन्ने हो भने सामाजिक समुह र समाजहरूको प्रकार्यात्मक स्वरूपलाई प्रक्रियागत बनाउँदै तिनको अस्तित्वका लागि सामाजिक विचलनले सकारात्मक र नकारात्मक प्रभाव पार्न सक्छ । बरु बुझ्नु पर्ने तथ्य के हो भने कस्ता समाजमा कुन प्रकृतिका सामाजिक विचलनहरूको अवस्था किन सुरु भएको छ ? किन भिन्न भिन्न प्रकृतिका विचलनहरू समाजमा देखिन्छन् ? यसतर्फ नै समाज शास्त्रीय विश्लेषण बढी केन्द्रित हुने गर्दछ । प्रत्येक प्रकृतिका सामाजिक विचलनका उत्पत्तिकालागि समाजमा विभिन्न कारक तत्त्वहरू रहेका हुन्छन् । यसैले सामाजिक यथार्थताहरू नै सामाजिक विचलनका लागि जिम्मेबार छन् ।

इमाइल दुर्खिम समाजका लागि सामाजिक विचलन प्रकार्यरत हुन्छ भन्ने मान्दछन् । यसलाई समाजको प्रकृतिको रूपमा विश्लेषण गरेका छन् । उनले हत्यालाई सामाजिक जीवनको अनिवार्य र साधारण पक्ष मान्दछन् । समाजका सबै व्यक्तिहरूका समान किसिमको सामूहिक चिन्तन तथा मूल्यमान्यता र व्यवहारहरू हुदैनन् । विविध प्रकृतिको सामाजिक अवस्थाले नै व्यक्तिका व्यवहार सिर्जना हुन्छन् । उनका अनुसार निश्चित दर भन्दा माथि भएको हत्याले मात्र समाजमा अकार्य सृजना गराउँछ । सबै सामाजिक

परिवर्तनहरू सामाजिक विचलनबाटै सुरु हुन्छन् । केहि हत्याहरू भविष्यको नैतिकताका लागि पूर्व धारणा बन्दछन् । समाजमा उत्पन्न विचलनबाट नै सङ्गठित र असल समाजका निर्धारकहरूको उत्पन्न हुन्छ ।

उसै मर्टन समाजको संस्कृति र सामाजिक संरचनाले सामाजिक विचलनको सृजना गराउँछ भन्दछन् । उनका अनुसार व्यक्तिको प्रकृतिमा भन्दा पनि समाजको प्रकृतिमा सामाजिक विचलनका घटनाहरू निर्धारित हुन्छन् । प्रत्येक समाजमा निश्चित सामाजिक तथा सांस्कृतिक मान्यता युक्त उद्देश्यहरू पूरा गर्ने संस्थागत मान्यताहरू विकास भएका हुन्छन् । अर्थात् निश्चित सामाजिक दृष्टिकोण र मान्यताको विकास भएको हुन्छ । यसै अनुरूप सामाजिक कार्य हुन नसकी व्यक्तिहरूले सामाजिक मान्यता र अपेक्षा अनुरूप आफूलाई ढाल्न सकेन वा आफ्नो हैसियत र क्षमता अनुरूपको उपलब्धि प्राप्त गर्न सकेन भने यहि अवस्थाले सामाजिक विचलनको जन्म गराउँछ । व्यक्तिका आकाङ्क्षा, हैसियत, औकात, अनुरूपको अपेक्षा प्राप्त गर्न नसक्दा विभिन्न सामाजिक खराबीहरू उत्पन्न हुन्छन् ।

समाजको आर्थिक, सामाजिक, राजनैतिक तथा धार्मिक उपस्थिति र प्रभावका कारण सामाजिक व्यवहारहरूको विकास हुन्छ । यसैले सामाजिक संरचनाभित्रका एकाइहरूबिचको प्रकार्यात्मक सम्बन्धको तह सम्बन्धको आशय तथा अन्योन्याश्रित प्रकार्यका अभावमा सामाजिक विचलनको स्थिति आउँछ । प्रत्येक एकाइको भूमिका निर्वाहका सम्बन्धमा उत्पन्न बाधाहरूले पनि सामाजिक विचलनको स्थिति आउँछ ।

**घटना शास्त्र**

यो समाजको अध्ययनमा सूक्ष्म अवधारणा हो । घटना शास्त्रीहरूले मानिसले के सोच्दछन् ? के अवलोकन गर्दछन् ? भन्ने बारेको अध्ययनलाई जोड दिन्छन् । मानिसले कसरी आफ्नो सोचाइ र व्यवहारहरू प्रकट गर्दछन् । त्यसको अर्थ कसरी लगाउछन् ? अरुको भनाइप्रतिको बुझाइको ग्रहण र प्रकटित व्यवहार के कस्तो हुन्छ ? भन्ने तथ्यको खोजी नीतिको कार्य घटना शास्त्रले गर्दछ । यो शास्त्र दर्शन शास्त्रमा एउटा हलचल हो जसले व्यक्तिको जागरुकताको स्थिति र सामाजिक जीवनको सम्बन्धको बुझाइलाई विकसित गरेको छ र अरु बढी बुझाउँछ । समाज शास्त्रमा एउटा अवधारणाको रूपमा घटना शास्त्रले के कसरी सामाजिक कार्य, सामाजिक संस्था र समाज सामाजिक जागरुकताका परिणाम हुने भन्ने तथ्यलाई प्रकट गर्दछ ।

घटना शास्त्रलाई सैद्धान्तिक अवधारणामा राखेर सामाजिक घटनाको विश्लेषण गर्नेकार्य अलफ्रेड सुजले गरेका हुन् । उनले सामाजिक घटनाको गहन अध्ययन गर्न दैनिक जीवनको तरिकालाई बुझ्नु पर्ने तर्क राख्दछन् । कुनै पनि घटनामा व्यक्तिहरूको सोचाइ र धारणा के छ ? त्यसलाई बुझ्नु पर्छ भन्ने उनको मान्यता छ । अरुले भनेका र गरेका कियाकलापलाई मानिसले कसरी ग्रहण गर्दछ र उसका भनाइलाई अर्कोले कसरी बुझ्दछ भन्ने तथ्य अवस्थामा भर पर्ने हुन्छ । सामाजिक घटनामा बहु सत्यताका बारेमा पुग्न सकिने तर्क उनको छ । यो व्यक्तिको सोचाइ, बुझाइ र अवस्थामा भर पर्दछ । उनको अर्को तर्क के छ भने मानिसले जति बढी सामाजिक सत्यतामाथि सन्देह गर्दछ त्यतिनै बढि सत्यताको नजिक पुग्न सक्दछ ।

## २.३ अपराधको समाजशास्त्रीय व्याख्या

### २.३.१ सामान्य परिचय

अपराधका कारण सम्बन्धमा मानवशास्त्रीय व्याख्याले “जन्मजात अपराधी (Born Criminal)" को व्याख्या गर्दा अपराधका समग्र कारण तत्वहरूको (Factors) व्याख्या गर्न सकेन । समाजमा रहेका विभिन्न कारण तत्वहरूलाई समेट्न नसकेका कारणले मानवशास्त्रीय सिद्धान्तको आलोचना हुँदै आयो । अपराध समाजभित्रकै विभिन्न संस्कार, परिवेश, सामाजिक संगति एवं समाजभित्रकै मानिसबाट भएको हुन्छ । अपराधको कारण पनि समाजभित्रबाटै खोजिनु पर्छ भन्ने सिद्धान्त अगाडि बढाउन थालियो । यसरी मानवशास्त्रीय सम्प्रदायको विस्थापन गर्न विभिन्न समाजशास्त्रीय सिद्धान्तहरू प्रतिपादन भएका हुन् । समाजशास्त्रीय सम्प्रदायका विचारकहरूको सङ्ख्यामा निकै वृद्धि हुँदै आइरहेको छ । अपराधशास्त्रको नयाँ दिशा पनि यसै सम्प्रदायलाई मान्न सकिन्छ । यस दिशाका प्रखर विचारकहरूमध्ये प्रसिद्ध अष्ट्रियन अपराधीशास्त्री एवम् समाजशास्त्री फ्रान्च फोन लिस्ट (F.F. Liszt 1851- 1919) को पहलकदमीमा सन् १८८९ लेप्चिगमा अपराधशास्त्री एवम् समाजशास्त्रीहरूको अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो । उक्त सम्मेलनले अपराधका कारण सम्बन्धमा उल्लेख गरेको छ “कुनै पनि समाजले आफै अपराधी जन्माएको हुन्छ, अपराध र अपराधी दुवै सामजका उपज हुन्, यो जन्मनु, बिरामी हुनु र मर्नु जस्तै अपरिहार्य हुन्छ । प्रत्येक सामाजिक बनावटमा भिन्न-भिन्न अपराध र अपराधी रहेका हुन्छन् र निम्न तिन समूहका तत्वहरूको अन्तरसम्बन्धको परिणामबाट अपराध भएको हुन्छ : (१) व्यक्तिगत कारणहरू (उत्पत्ति, उमेर, लिङ्ग, अनुशासन,

पारिवारिक अवस्था, व्यक्तिका शारीरिक र मानसिक अवस्थाहरू) (२) भौतिक कारणहरू ( हावापानी, माटो, ऋतु आदि) र (३) सामाजिक कारणहरू (गाउँ, सहर, पेसा, धर्म, सामाजिक सङ्गत, बसोबास र रीतिरिवाज आदि)" ।

उक्त सम्मेलनका सहभागीहरूले अपराधका लागि उल्लेखित कारक तत्वहरू प्रस्तुत गर्नुका साथै समाजलाई खतरा पुऱ्याउन सक्ने मानिसहरूको पनि विश्लेषण गर्दै निम्न प्रकारका मानिसहरू खतरनाक हुन्छन् भनी निष्कर्ष निकालेका छन् : (१) पागल अपराधीहरू (२) पटक अपराधीहरू (Recidivists) र (३) आफ्नो बानी बेहोरामा असङ्गति भएकाहरू ( होहल्ला गर्ने, कानमा कुण्डली र लामो कपाल जटा पाल्नेहरू, दुर्व्यसनमा संलग्न मानिसहरू आदि) ।

आधुनिक सामाजिक सिद्धान्तमा विभिन्न सिद्धान्तहरू प्रतिपादन भएका छन् । प्रत्येक सिद्धान्तहरूले अपराधका कारण सम्बन्धमा आ-आफ्नै धारणा र दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । यी सिद्धान्तहरूबारे छोटकरी विवरण प्रस्तुत गरौं :

### २.३.२ सामाजिक विसङ्गठनको सिद्धान्त

यस सिद्धान्तका प्रतिपादक फ्रेन्च समाजशास्त्री इमाइल डुर्कहाइम् (Emile Durkeim 1858-1917) मानिन्छन् । उनको विचारमा समाज गतिशील हुन्छ, गतिशील समाजमा सामाजिक परिवर्तन भइरहनु स्वभाविक नै हुन्छ । त्यसै गरी मानिसको चेतनामा पनि परिवर्तन भइरहेको हुन्छ, तसर्थ अपराध पनि एउटा स्वभाविक प्रक्रिया मानिन्छ । समाज र मानिसमा भइरहेको यस्तो परिवर्तनले गर्दा सामाजिक मान्यता र धारणाहरूमा पनि परिवर्तन भइरहन्छन् । पुरानो मान्यता र धारणालाई नयाँ एवम् आधुनिक मान्यता र धारणाले सङ्क्रमण हुँदा समाजमा द्वन्द्व र हलचल फैलिन्छ । यसको फलस्वरूप समाजमा अस्थिरता उत्पन्न हुन जान्छ । समाजको आर्थिक, राजनैतिक अवस्थाले पनि समाजलाई नयाँ वातावरण र संरचनातिर ढालिदिन्छ । यसले पनि कहिलेकाहीँ सामाजिक असङ्गति पैदा गरिदिन्छ । समाजमा विसङ्गति हुनुका विविध कारणहरूमध्ये औद्योगिकीकरण, सहरीकरण, आधुनिकीकरण, व्यक्तिवादी जीवन पद्धति पनि रहेका हुन्छन् । समग्र रूपमा भन्दा अपराधको कारणमा व्यक्तिगत र सामाजिक दुवै विसङ्गठनहरू पर्छन् । व्यक्तिगत र सामाजिक विसङ्गठन एकापसमा जोडिएका पनि हुनसक्छन्, नजोडिएका पनि हुन सक्छन् । सामाजिक र व्यक्तिगत विसङ्गठनहरूले एकापसमा सम्वद्धमा वा अन्तरविरोध जे राखे पनि अपराधको कारण बन्न पुगेका हुन्छन् ।

### २.३.३ पर्यावरणीय सिद्धान्त

अपराधशास्त्रको जगतमा यस सिद्धान्तको जन्म सन् १८३० तिर भएको हो । यस सिद्धान्तलाई भौगोलिक वा मानचित्रको स्कुल (Ecological or Cartographi School) पनि भन्ने गरिन्छ । यस सम्प्रदायका संस्थापकहरूमध्ये ग्वेरी (A.M. Guerry 1802-1866), हेनरी मेह्यु (H.Mayhew 1812-1887) एवम् क्युटलेट (Quetlet) प्रमुख मानिन्छन् । उनीहरूले अपराधका कारणहरूको व्याख्यामा भौगोलिक विविधता (पहाड, समथर, उपत्यका) पर्यावरण, संस्कृति, सहरीकरण, जनसङ्ख्याको घनत्वलाई प्रमुख कारक मानेका छन् । उनीहरूले उपरोक्त कारणहरूलाई आधार मान्दै अनुसन्धान गरे अनुसार फौजदारी अपराध (हत्या, बलात्कार .....) भूमध्यरेखाबाट दक्षिणतिर र आर्थिक अपराध उत्तरी ध्रुवतिर बढी हुन्छ भन्ने दर्शाएका छन् । तथ्याङ्क र मानचित्रलाई अपराधका कारणहरूको अध्ययन गर्ने विधि यस सम्प्रदायले अङ्गालेको छ । द्वितीय विश्वयुद्धपछि सेभ्की (E. Shevky) ले "अपराध आकर्षण क्षेत्र" सम्बन्धी अध्ययनलाई अगाडि बढाउँदै बसाइँसराइका क्षेत्रहरूमा बढी अपराध हुने तथ्याङ्क प्रस्तुत गरेका छन् ।

सन् १९७० को दशकपछि पर्यावरणीय योजना, डिजाइन मार्फत् अपराध नियन्त्रण गर्ने विषयलाई अगाडि सार्दै आइयो । विशेष गरी सहरी क्षेत्र र घनाबस्ती भएका क्षेत्रहरूमा हुने अपराधको रोकथाममा ध्यान पुऱ्याउन थालियो । हरबेर्ट (D.T. Herbert) ले सन् १९८२ मा The Geography of Urban Crime सम्बन्धी पुस्तक प्रकाशन गरी यस क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । त्यसरी नै सन् १९८१ मा Brantingham ले पर्यावरणीय अपराधशास्त्र (Environmental Criminology) सम्बन्धी पुस्तक पनि प्रकाशन गरेका छन् ।

### २.३.४ पृथक् सङ्गतको सिद्धान्त

यस सिद्धान्तका प्रतिपादक समाजशास्त्री एडविन सदरल्यानड (E.H.Sutherland) हुन् । उनले सन् १९२७ मा यस सिद्धान्तको प्रतिपादन गरेका हुन् । उनका अनुसार अपराधिक व्यवहार समाजमा रहेका विभिन्न मानिस वा व्यक्तिहरूसँगको सङ्गतबाट सिकिदै, अनुकरण गरिदै गर्ने प्रक्रियाबाट उत्पत्ति र विकास भएको हुन्छ । यस सिद्धान्तको सारांश उल्लेख गर्दा के देखाउन सकिन्छ भने अपराधीले भिन्न-भिन्न सङ्गत र स्थानीय वातावरणबाट अपराध गर्न सिकेका हुन्छन् र घर, सहपाठी, बाटोघाटोमा अपराध हुँदै जाँदा यसले विकसित रूप लिँदै जाने हुन्छ । आपराधिक गतिविधि सिकेर, अर्काको सङ्गतमा परेर, अपराध गर्ने विभिन्न

माध्यम र सङ्गतहरू नै अपराधका कारण हुन जान्छन् भन्ने यस सिद्धान्तको प्रभावकारितालाई बिर्सन सकिँदैन ।

### २.३.५ अप्रतिमानताको सिद्धान्त

अप्रतिमानता (Anomie) ग्रीक भाषाबाट आएको शब्द हो । Nomos भनेको कानुनी मान्यता भन्ने अर्थ लाग्दछ । फ्रेन्च समाजशास्त्री डुर्कहाइम (Emile Durkehim, 1858-1917) ले सन् १८९७ मा प्रकाशित आफ्नो पुस्तक "Suicide" मा यसबारे विस्तृत व्याख्या गरेका छन् । उनको विचारमा सर्वप्रथम त मानिसको मनोवैज्ञानिक र नैतिक असन्तुलन रहँदा व्यक्तिमा अन्तरविरोध र द्वन्द्व सृजना हुन्छ । त्यस्तै सामाजिक नियमहरूको उल्लङ्घन हुँदा, वातावरणीय परिवर्तन हुँदा, प्राकृतिक प्रकोप एवम् युद्ध र अशान्ति फैलिँदा समाजका सदस्यहरूलाई निकै असर पारेको हुन्छ । व्यक्ति-व्यक्तिबिचको विवाद र द्वन्द्व एवम् समाज र व्यक्ति बिचको द्वन्द्वले व्यक्ति र समाज दुवैलाई नकारात्मक असर पारेको हुन्छ । तसर्थ मानिसका इच्छा, आकांक्षा, चाहना, आवश्यकता, लक्ष्य आदिको परिपूर्ति नहुँदाको अवस्थाबाट विचलित भई मानिसले अपराध गर्दछ भन्नेमा उनको धारणा रहेको पाइन्छ । मानिसका इच्छा, आकांक्षा, चाहना, आवश्यकता, लक्ष्य आदिका असीमित कारण अपराध हुनका लागि अपरिहार्य र आवश्यक कारण बन्न पुगेका हुन्छन् । मानिसका दैनिक क्रियाकलापमा असन्तुलन पैदा हुँदा यही असन्तुलन नै अपराधको निर्देशक कारक तत्व बन्न पुग्ने हुन्छ ।

मानिसले भने, सोचे वा चाहेजस्तै सबै कुरा पूरा हुँदैनन् । इच्छा र आवश्यकता असीमित हुन्छन् तसर्थ सबै कुरा कुनै पनि व्यक्तिले पूरा गर्न सक्छ भन्न सकिँदैन । यस्तो हुनुमा व्यक्तिका वैयक्तिक (मानसिक, शारीरिक) सामाजिक, आर्थिक, राजनैतिक आदि अवस्था र कारण नै रहन्छन् । तर सबैमा उक्त अवस्थाहरूले समान रूपमा असर पार्छन् भन्न पनि सकिँदैन । कति मानिसहरू आफ्ना विविध अवस्था, समस्या र कारण हुँदाहुँदै पनि संयमित र धैर्यवान हुन्छन् । समाज र राज्यको नियमलाई पालना गर्दै अनुशासित जीवन निर्वाह गरिहेका हुन्छन् । उनीहरू सुखी र आनन्दी पनि हुन्छन् । तर कतिपय मानिसहरू यसरी नियन्त्रित रूपमा रहन सक्दैनन् र उनीहरूमा समाज, परिवार र आफूदेखि नै वितृष्णा जागी सामाजिक नियमविरुद्धका क्रियाकलापहरू गर्न पुग्छन् । यस्तै वितृष्णाका कारण विभिन्न अपराध गर्न पुगेका हुन्छन् । यस्तै अप्रतिमानताको फलस्वरूप मानिसले आत्महत्या पनि गर्न पुगेका हुन्छन् ।

## २.३.६नामारकणको सिद्धान्त

समाजका प्रत्येक व्यक्तिहरू आ-आफ्ना बानी बेहोरा, चालचलन, सोचाइका स्तर एवम् शारीरिक बनोटका आधारमा एक-अर्कासँग भिन्नता राख्छन् । व्यक्तिको नैतिक र मनोवैज्ञानिक विशेषताहरू सधैँ समाजसँग जोडिएका हुन्छन् । समाजमा आफ्ना अधिकार र कर्तव्यको रक्षा नैतिकवान र चरित्रवान नागरिकमा मात्र रहन सक्छ । उनका बानीबेहोरा, चरित्रले सामाजिकपन झल्काएको हुन्छ । उसले अधिकार र कर्तव्यको ख्याल गरेन भने समाज र समाजका अन्य नागरिकहरूसँग राम्रो सम्बन्ध राख्न सक्दैन । यस्तो अवस्था सृजना हुँदा ऊ समाजबाट एक्लिन पुगेको हुन्छ र उसमा नकारात्मक तत्वहरूले प्रभाव पार्दै जान्छन् । ऊ परिवार एवम् सामाजिक समुदायबिच अर्घेलो रूपमा प्रस्तुत हुन थाल्छ । उसका बानीबेहोरा एवम् आफै सुध्रन नसक्ने चेतनाका कारण समाजका अन्य मानिसहरूले पनि उसलाई घृणा र अनुत्तरदायी व्यक्तिका रूपमा हेर्दै जान्छन् । ऊ समाजदेखि भिन्न र आपराधिक प्रवृत्तिको बन्दै जाने हुन्छ । समाजको दृष्टिकोणमा ऊ नराम्रो मानिस हो भन्ने परिचय बढ्दै जान्छ र नराम्रो छाप बस्दछ । उक्त व्यक्तिमा अरु विकृति बढ्दै गई कुनै न कुनै आपराधिक क्रियाकलाप गर्न तिर लाग्छ । जनतामा बसेको छापले फलानो अपराधी हो (la marquee) भन्ने कुराको पुष्टि पनि गरिदिएको हुन्छ । यस सिद्धान्तलाई Erikson and Erikson ले सन् १९६२ मा प्रतिपादन गरेका हुन् । यो सिद्धान्त प्रायजसो पटके अपराधीको सम्बन्धमा लागू हुने बताइएको छ । यो सिद्धान्तलाई विकास सर्दै सन् १९७७ मा अमेरिकी विद्वान् Farringtion ले "The Effects of Public Labelling" भन्ने पुस्तक पनि प्रकाशन गरेका छन् । यसरी यस नामाकरणको सिद्धान्त (The labeling approach theory) ले अपराधशास्त्रमा स्थान लिन पुगेको हो । समाजशास्त्री बेकर (Beeker) र अपराधशास्त्री उइडा (Kan Ueda) पनि यस सिद्धान्तका पक्ष धर मानिन्छन् ।

**सिद्धान्तसँगको सम्बन्ध** : कारागारमा रहेका ७ मुद्दाका विभिन्न प्रकृति र प्रवृतिका कारागारको क्षमता भन्दा झण्डै ५ गुणा बन्दीहरू एकै स्थानमा रहि एकताबद्ध रूपमा दैनिक कियाकलाप, व्यवहार गर्दै वर्षौ बिताउनु र कारागार प्रशासनसँगको सौहार्दपूर्ण सम्बन्धले संरचनात्मक प्रकार्यात्मक सिद्धान्तको प्रकार्यत्मक एकताको मान्यतालाई जोडसँग पक्रेको देखिन्छ ।

भिन्न भिन्न सामाजिक पृष्ठभूमिका मानिसहरू विभिन्न अपराधमा संलग्न भएर कारागारमा बन्दी जीवन बिताइ रहेको अवस्थाले विचलित व्यवहारको मान्यतालाई आत्मसात् गरेको देखिन्छ ।

मानिसहरूका आ-आफ्ना बुझाइ, सोचाइ, धारणा र व्यवहारका कारण भिन्न भिन्न अपराधमा संलग्न रही कारागारमा बन्दी जीवन बिताउन पुग्नुले घटना शास्त्रको सैद्धान्तिक मान्यतालाई आत्मसात गरेको छ भन्न सकिन्छ ।

# अध्याय तिन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययनको औचित्य

विश्वमा विभिन्न अध्ययन, अनुसन्धान र अन्वेषणहरू भएका छन् । विशेष गरी उन्नत प्रविधि र त्यसको प्रयोगमा केन्द्रित अनुसन्धानले मानिसको भौतिक पक्ष र त्यसको सुधारसम्मलाई मात्र ध्यान दिइएको छ । मानव, मानवता, मानवोचित व्यवहार, अधिकार तथा कर्तव्यका बारेमा गरिने अध्ययन र अनुसन्धान भौतिक अध्ययनका तुलनामा नितान्त सूक्ष्म रहन्छ । कारागारमा रहेका बन्दीहरूको जीवन पद्धति अध्ययन गर्ने विषय छनौट गर्नुको प्रमुख कारण पनि यही हो ।

कारागारको स्थापना मूलत : राजनैतिक उद्देश्यबाट प्रेरित देखिए तापनि वर्तमान जटिल समाजमा देखिएका विभिन्न अपराधिक कार्यलाई नियन्त्रण गर्नका लागि पनि कारागार एउटा महत्त्वपूर्ण माध्यम हो । त्यसरी कुनै अपराधमा सजाँय बापत बन्दी जीवन बिताइ रहेको मानिसहरूलाई मानवोचित व्यवहार भएको छ, छैन भनेर हेर्नु अझ संवेदनशील विषय हो । त्यसैले पनि मेरो अध्ययनको क्षेत्र यो बन्न सकेको हो ।

मानव अधिकारको बहस र विधा एउटा महत्त्वपूर्ण अध्ययनको क्षेत्र बन्दै गएको वर्तमान परिप्रेक्ष्यमा पनि कारागारभित्रको जीवनको अध्ययनलाई आफ्नो अध्ययनको शीर्षक बनाउन सकिएको हो । कारागारभित्र जुनसुकै कारणले बस्नु परेको भए पनि आखिर त्यो मानव हो र विकासको सन्दर्भलाई जोडेर हेर्दा त्यो मानवीय स्रोत हो, त्यसलाई जुनसुकै ढङ्गले पनि परिचालन गर्न सकिन्छ र सकारात्मक रूपमा परिचालन गर्नका लागि के कस्ता उपायहरू हालसम्म प्रयासरत छन् र के भविष्यमा हुन सक्ला भन्ने जस्ता प्रश्नहरूको उत्तर प्राप्त गर्न सकिन्छ भन्ने कुराले पनि यो शीर्षक अध्ययनको शीर्षक बन्न पुगेको हो ।

हालसम्मका अध्ययन अनुसन्धानका विषयहरू मध्ये यो बिषय नितान्त नवीन विषय भएको तथा एउटै कारागारका निश्चित मुद्दाको अध्ययनले कार्य सम्पादनमा पनि सहज हुने भएकाले यो क्षेत्र छनोट गरिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

कारागारका बन्दीहरूको जीवन पद्धति नामक अध्ययनको शीर्षकमा कारागारको भौतिक अवस्था, कारागार प्रशासन, बन्दीहरूले पाइरहेका सुविधा जस्ता कुराहरू अध्ययन गरी प्रस्तुत गरिने भएकाले यो अध्ययनको ढाँचा वर्णनात्मक छ । त्यस्तै गरी बन्दीहरूका जीवन पद्धतिका कतिपय पक्षमा लुकेर रहेका अवस्था उनीहरूका मनोभावना, कुण्ठा, केहि

गर्न सकिन्छ र कारागारबाटै नयाँ जीवनको सुरुवात पनि गर्न सकिन्छ भन्ने सकारात्मक मनोभावनाका विषयहरूलाई अन्वेषण गरी बाहिर ल्याइने हुँदा यो अनुसन्धानको ढाँचा अन्वेषणात्मक छ । समग्रमा भन्दा यो अनुसन्धान वर्णनात्मक र अन्वेषणात्मक दुबै ढङ्गको छ ।

## ३.३ सघन गणना विधि

म्याग्दी कारागार नै यसको अध्ययनको क्षेत्र हो । यसमा रहेका ७ वटा मुद्दाहरू कर्तव्य ज्यान, जबर्जस्तीकरणी, डांकाचोरी, केही सार्वजनिक अपराध, सवारी ज्यान, अङ्ग भङ्ग/कुटपिट र लागू औषधमा संलग्न सबै क्रमश : ३४, १०, ८, १, १, १, १ र अनुत्तर ३ बन्दीहरू सबै गरी जम्मा ५९ जनालाई अध्ययनमा राखिएकाले अध्ययनको विधि जनगणना विधि बनेको ।

## ३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरू (प्राथमिक र द्वितीय)

प्राथमिक स्रोत : अध्ययनका लागि अनुसन्धान कर्ता स्वयं अध्ययन क्षेत्रमा गई तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्क सङ्कलन गर्न निम्न तथ्याङ्क सङ्कलनका विधिहरू अपनाइएको छ ।

### ३.४.१ तथ्याङ्क सङ्कलन विधि (प्राथमिक स्रोत) :

#### ३.४.१.१ प्रश्नावली अनुसूची

तथ्याङ्क सङ्कलन गर्नका लागि धेरैभन्दा धेरै तथ्याङ्कहरू उपलब्ध हुन सकोस् भन्ने उद्देश्यले सकेसम्म धेरै सूचना प्राप्त गर्ने गरी प्रश्नावली अनुसूची तयार गरी बन्दीहरूबाट उत्तर प्राप्त गरिएको छ ।

#### ३.४.१.२ अवलोकन

कारागारको प्रत्यक्ष रूपमा आफूले नै अवलोकन गरिएको छ । त्यहाँको वास्तविक वस्तुस्थिति, बन्दीहरूको रहनसहन्, सरसफाइ, खाना, सुविधा, सञ्चारसँग पहुँच आदि विषयमा अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

#### ३.४.१.३ छलफल

विशेष गरी विषय विशेषज्ञ, कारागार प्रमुख, प्रहरी प्रमुख, सहायक प्रमुख जिल्ला अधिकारी र मानव अधिकारवादी कार्यकर्तासँग वैयक्तिक तथा सामूहिक छलफल गरी विशेष सूचना, तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

द्वितीय स्रोतको लागि प्रकाशित अप्रकाशित लेख, रचना र पुस्तकहरूलाई आधार बनाइएको छ ।


## ३.५ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त तथ्यहरूलाई उपयुक्त ढङ्गबाट बिश्लेषण गर्न तथ्याङ्ककको प्रकृति हेरी सङ्ख्यात्मक र गुणात्मक तथ्यहरूलाई तालिका, स्तम्भ चित्र, वृत्तचित्रको माध्यमबाट बिश्लेषण गर्दै प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# कारागारको परिचय

## अध्ययन क्षेत्र :







औसत लम्बाइ ६३ कि.मी. र औसत चौडाइ ३६.५ कि.मी. रहेको म्याग्दी जिल्ला २८°२२' उत्तरदेखि २८°४७' उत्तर अक्षांश तथा ८३°०८' देखि ८३°५३' पूर्वी देशान्तरमा अवस्थित छ । यस जिल्लाको क्षेत्रफल २,२९७.०६ वर्ग कि.मी. रहेको छ । यहि जिल्ला स्थित ज्याम्रुकोट गा.बि.स. वडा नं. ०८ मा रहेको म्याग्दी कारागार समुन्द्री सतहबाट झन्डै ८०० मिटर उचाइमा छ । झन्डै १० रोपनी क्षेत्रफलमा फैलिएको यो कारागारको स्थापना वि.सं. २०२८ सालमा भएको हो ।

चौघेरा पर्खालले घेरेर बन्द गरिएको भूभागको बिचमा बन्दीहरूको व्यवस्थापन र सुरक्षाका निम्ति रहेका निजामती कर्मचारी तथा सुरक्षाकर्मीका लागि ३ ब्लक (७ कोठा) तथा भित्री चौघेरा (चार दिवार) भित्र पुरुषतर्फ २ ब्लक (४ कोठा) र महिला तर्फ १ ब्लक (२ कोठा) रहेका छन् । बाथरुम, टोइलेट बाहिर कर्मचारी र सुरक्षाकर्मीका लागि ५, भित्र

पुरुष बन्दीका लागि ६ र महिला बन्दीका लागि २ वटा रहेका छन् । पुरुष बन्दीतर्फ खाना भान्सा १ ओटा सरकारी (सिधा खर्च पुरै लाग्ने) छ भने महिलातर्फ पनि १ वटा खाना भान्सा प्रयोगमा रहेका छन् । पुरुषतर्फ एक सामान्य पुस्तकालय र बास्केट बल र भलिबल खेल्ने ठाउँभित्रै छ । भित्री चौघेरा भन्दा बाहिर प्रशासनको नियन्त्रणमा चौकीदारद्वारा सञ्चालित एक फर्निचर उद्योग सञ्चालित छ । बन्दीगृहको ४ कुनामा ४ सुरक्षा पोस्ट रहेका छन् ।

अध्ययनको मितिमा बन्दीहरूको सङ्ख्या थुनुवा र बन्दी गरी ५९ थिए जसमा महिला २, पुरुष ५७ थिए । यस कारागारको क्षमता ७ जना महिला र २५ जना पुरुष गरी जम्मा ३२ जनाको रहेको छ । निजामती कर्मचारीतर्फ ना.सु.देखि कार्यालय सहयोगीसम्म ८ जना र सुरक्षा कर्मीतर्फ सइदेखि जवानसम्म २० जना रहेका छन् । उपचार सेवाका निम्ति हाल १ स्वास्थ्य सहायक (H.A.) को व्यवस्था गरिएको छ ।

बन्दीहरूसँगको भेटघाटको समय सार्वजनिक बिदा बाहेक प्रत्येक दिन (१०-४) बजे रहेको छ । बिरामी तथा विशेष भेटलाई सधैं खुल्ला गरिएको छ । संस्थाहरूद्वारा गरिने विविध क्रियाकलापको लागि जिल्ला प्रशासन कार्यालयको अनुमति जरुरी छ । टेलिफोनको सुबिधा बिहान (१०-४) बजेसम्म खुला गरिएको छ । सोधपुछ भेटघाट कक्षको प्रबन्ध मिलाइएको छ । खाना खर्च मासिक प्रति बन्दी प्रतिदिन ७०० ग्राम चामल र रु. ४५ दिइन्छ । कपडा वार्षिक २ पटक जाँडो र गर्मी मौसममा एक एक सेट वा सो बराबरको रकम दिइन्छ भने बिस्तारा दुई वर्षको एक पटक दिइन्छ ।

# अध्याय पाँच

# तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

अध्ययनबाट प्राप्त तथ्याङ्कहरूलाई तिनीहरूको विशेषता, गुणको आधारमा निम्न अनुसारका उपशीर्षकमा वर्गीकरण गरी प्रस्तुतीकरण र विश्लेषण गरिएको छ ।

## ५.१ विविधताको आधारमा उत्तर दाताको वितरण

भौगोलिक, संस्कृतिक, विविधता पूर्ण विशेषताले सजिसजाउ भएको देश नेपाल हो । भौगोलिक रूपमा ५ विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लामा विभाजित तथा सांस्कृतिक रूपमा बहुजाति, बहुभाषी, बहुधार्मिक रूपमा विभाजित समाज हो नेपाली समाज । यहाँका मानिसहरू सामाजीकरण र सांस्कृतिक अभ्यासको विभिन्नताका कारणले विभिन्न पेसा, व्यवसाय, शैक्षिक स्तरमा विभक्त छन् । उपर्युक्त विविध विशेषताका आधारमा यस कारागारको समाजलाई निम्न अनुसारका बुँदा वर्गीकरण गरी प्रस्तुतीकरण र विश्लेषण गरिएको छ ।


**तालिका नं. ५.१.१ जिल्लाको आधारमा उत्तर दाताको वितरण**

| जिल्ला | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| म्याग्दी | ४५ | ७६.२७ |
| पर्वत | ४ | ६.७७ |
| बाग्लुङ | ३ | ५.०८ |
| सिन्धुली | २ | ३.३८ |
| कास्की | २ | ३.३८ |
| रौतहट | १ | १.६९ |
| मुस्ताङ | १ | १.६९ |
| उत्तर प्रदेश भारत | १ | १.६९ |
| **जम्मा** | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन : २०७०

भौगोलिक विभाजन अनुसार ५ विकास क्षेत्र, १४ अञ्चल, ७५ जिल्लाका विभाजित देश नेपाल हो । यसै भूगोल अन्तर्गत रहेको म्याग्दी कारागारमा रहेका अध्ययन क्षेत्रभित्र पर्ने बन्दीहरूको जिल्लागत विभाजन उक्त टेवुलमा देखाइएको छ । यस अनुसार अध्ययनका मुद्दाहरूमा संलग्न बन्दीहरू म्याग्दीका सबभन्दा बढी ४५ जना वा ७६.२७% त्यसरी नै

घट्दो क्रममा पर्वत ४ जना वा ६.७७, बाग्लुङ ३ जना वा ५.०८३% सिन्धुली र कास्की २/२ जना वा ३.३८%, रौतहट, मुस्ताङ र उत्तर प्रदेश भारतका १/१ जना वा १.६९% संलग्न रहेको पाइयो । यसलाई चार्टमा पनि हेर्न सकिन्छ ।




**तालिका नं. ५.१.२ लिङ्गको आधारमा उत्तर दाताको वितरण**

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ५७ | ९६.६१ |
| महिला | २ | ३.३९ |
| **जम्मा** | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन : २०६७

नेपालको कुल जनसङ्ख्यामा पुरुष र महिलाको अनुपात झन्डै समान रहेको छ । नेपालको सामाजिक संरचना, संस्कृतिका कारण भिन्न भिन्न क्षेत्रमा पुरुष र महिलाको संलग्नता पनि फरक फरक रहेको पाइन्छ । सोहि अनुसार यो कारागारमा संम्वन्धित मुद्दामा संलग्न पुरुष र महिलाको स्थिती हेर्दा पुरुष ५७ जना वा ९६.६१% र महिला २ जना वा ३.३९% गरी जम्मा ५९ जना रहेको पाइयो ।

**तालिका नं. ५.१.३ धर्मको आधारमा उत्तर दाताको वितरण**

| धर्म | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दू | ५१ | ८६.४४ |
| क्रिस्चियन | ५ | ८.४८ |
| बौद्ध | २ | ३.३९ |
| अन्य | १ | १.६९ |
| **जम्मा** | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन : २०७०

बहु धर्म, भाषा, क्षेत्र, जाति आदिमा विभाजित बहुरंगी देश नेपाल सामाजिक, सांस्कृतिक अध्ययन अनुसन्धानको दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण मानिएको छ । धार्मिक बाहुल्यताका आधारमा हेर्दा नेपालमा पहिलो स्थानमा हिन्दू धर्मालम्वीहरू घद्दो क्रममा क्रिस्चियन, बौद्ध र अन्य रहेको पाइन्छ । यही प्रभाव यस कारगारका अध्ययन मुद्दामा संलग्न बन्दीहरूमा पनि देखिन्छ । जस अनुसार हिन्दू ५१ जना वा ८६.४४% क्रममा क्रिस्चियन ५ जना वा ८.४८% बौद्ध २ जना ३.३९% र अन्य १ जना वा १.६९ % पाइयो ।

**तालिका नं. ५.१.४ जातियता आधारमा उत्तर दाताको वितरण**

| जातियता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मगर | २३ | ३८.९८ |
| दलित | २३ | ३८.९८ |
| क्षेत्री | १२ | २०.३५ |
| ब्राह्मण | १ | १.६९ |
| **जम्मा** | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन : २०७०

विगत लामो समयदेखि ‘चार जात छत्तिस वर्णको फुलबारी’ भनी प्रख्यात देश नेपाल वर्तमानमा आइ पुग्दा पनि झन् विभिन्न जात, जातिले रङ्गी बिरङ्गी भएको पाइन्छ । विभिन्न क्षेत्रमा छरिएर कुनै न कुनै रूपमा बहुजातिको संलग्नता रहेको पाइन्छ । यस मान्यताभित्र रहेर यस कारागारका बन्दीहरू पनि संलग्न भएको पाइयो जस अनुसार बाहुल्यताका आधारमा सबभन्दा बढी मगर र दलित जाति २३/२३ जना वा ३८.९८%, त्यसरी नै क्षेत्री १२ जना वा २०.३५% र ब्राह्माण १ जना वा १.६९% रहेको पाइयो ।

**तालिका नं. ५.१.५ वैवाहिक स्थितिको आधारमा उत्तर दाताको वितरण**

| वैवाहिक स्थिति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ३६ | ६१.०१ |
| अविवाहित | २३ | ३८.०९ |
| **जम्मा** | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन : २०७०

कारागारमा रहेका अध्ययनका मुद्दाहरूमा संलग्न बन्दीहरूको वितरणलाई हेर्दा विवाहित बन्दी ३६ जना वा ६१.०१% र अविवाहित बन्दी २३ जना वा ३८.०९% गरी जम्मा ५९ जना रहेको पाइयो ।

**तालिका नं. ५.१.६ पेसाको आधारमा उत्तर दाताको वितरण**

| पेसा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ४५ | ७६.२७ |
| जागिर | ६ | १०.१७ |
| व्यापार | ८ | १३.५६ |
| **जम्मा** | **५९** | १०० |

स्रोत : स्थलगत अध्ययन : २०७०

वर्तमान जटिल समाजको निर्माणसँगै व्यक्तिको क्षमता, कला अनुसार कार्य विभाजन वा कार्यमा विशिष्टीकरण व्यापक रूपमा भएको छ । यही प्रक्रिया अनुसार मानिसहरू विभिन्न पेसा, व्यवसाय संलग्न रहेका छन् । यसको स्वभाविक प्रभाव अध्ययनरत बन्दीहरूमा परेको पाइन्छ । प्राप्त तथ्यांङक अनुसार सवभन्दा बढी कृषि पेसामा रहेका व्यक्तिहरू ४५ जना वा ७६.२७% त्यसरी नै घट्दो क्रममा व्यापारी ८ जना वा १३.५६% र जागिरेहरू ६ जना वा १०.१७% गरी जम्मा ५९ जना संलग्न रहेको पाइयो ।

**तालिका नं. ५.१.७ उमेर समूहको आधारमा उत्तर दाताको वितरण**

| उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५-२५ | २१ | ३५.६० |
| २५ - ३५ | २३ | ३८.९८ |
| ३५ भन्दा माथी | १५ | २५.४२ |
| **जम्मा** | **५९** | १०० |

स्रोत : स्थलगत अध्ययन : २०७०

कुनै पनि कार्य सम्पादनको प्रक्रियामा उमेरको विशेष प्रभाव रहेको पाइन्छ । जैविक मानसिक विकासमा उमेरको विशेष प्रभाव रहने हुनाले सामाजिक घटनाहरूमा पनि उमेरको

विशेष स्थान रहेको हुन्छ । यस कारागारका अध्ययनमा संलग्न बन्दीहरूको तथ्याङ्कलाई हेर्दा पनि सबभन्दा बढी संलग्न बन्दीहरू (२५-३५) वर्ष उमेरका २३ जना वा ३८.९८% क्रमशः घट्दो क्रममा (१५-२५) वर्ष समूहका २१ जना वा ३५.६० % र ३५ वर्षभन्दा माथिका १५ जना वा २५.४२% गरी जम्मा ५९ जना बन्दीहरू संलग्न रहेको पाइयो ।

**तालिका नं. ५.१.८ शिक्षाको आधारमा उत्तर दाताको वितरण**

| शिक्षा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| साक्षरता | २७ | ४५.७६ |
| प्रवेशिका | ६ | १०.१६ |
| प्रवीणता प्रमाण प्रत्र | ८ | १३.५६ |
| स्नातक | १ | १.६९ |
| निरक्षर | १७ | २८.८२ |
| **जम्मा** | **५९** | १०० |

स्रोत : स्थलगत अध्ययन : २०७०

समाज विकास, प्रगति र उन्नतिको मूल आधार शिक्षा प्राप्तिको स्तरको प्रभाव बारे कारागारका सम्बन्धित बन्दीहरूमा अध्ययन गर्दा सबभन्दा वढी साक्षर मात्र रहेका बन्दीहरूमा २७ जना वा ४५.७६% क्रमश घट्दो क्रममा निरक्षर १७ जना वा २८.८२%, प्रवीणता प्रमाण पत्र तहमा ८ जना वा १३.५६%, प्रवेशिका तहको ६ जना वा १०.१६% र स्नातक तहका १ जना वा १.६९% गरी जम्मा ५९ जना रहेको पाइयो ।

## ५.२ बन्दीहरूको पारिवारिक आर्थिक अवस्था

मानव समाजको उत्पत्तिदेखि वर्तमान जटिल समाजको विकास क्रमसम्म आई पुग्दाको ऐतिहासिक विकास क्रमलाई अध्ययन गर्दा पारिवारिक र उसको आर्थिक स्थितिले समाज निर्माण प्रक्रियामा विशिष्ट र महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाउछौं । सामाजीकरणको महत्त्वपूर्ण एकाइ परिवार र आधार संरचनाको मुख्य अङ्ग आर्थिक पक्षले सिङ्गो सामाजिक संरचरनालाई प्रभाव पार्दछ । त्यसैले सामाजिक संरचनाको मुख्य आधार पारिवारिक र आर्थिक पक्ष हो भन्न सकिन्छ । कारागारमा आउने व्यक्तिहरू पनि समाजबाटै आउने हुनाले उनीहरूको पारिवारिक र आर्थिक अवस्थाको प्रभाव कारागारको समाजमा पनि

पर्ने नै भयो । यही प्रभावको अध्ययनका निम्ति बन्दीहरूको उक्त अवस्थाको विभिन्न पक्षमा विभाजित गरी तालिका निर्माण गरी निम्न अनुसार प्रस्तुतीकरण र विश्लेषण गरिएको छ ।

**तालिका नं. ५.२.१ पारिवारिक किसिमको आधारमा उत्तर दाताको वितरण**

| **पारिवारिक किसिम** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| संयुक्त | ४२ | ७१.१९ |
| एकल | १७ | २८.८१ |
| **जम्मा** | **५९** | १०० |

स्रोत : स्थलगत अध्ययन : २०७०

मानव समाज विकास प्रक्रियामा जब कृषि समाजको सुरुवात भयो तब परिवार, निजी सम्पत्ति बिस्तारै राज्यको पनि सुरुवात र विकास भयो । विकास प्रक्रिया अनुसार परिवार बृहत्, संयुक्त र एकल गरी तिन किसिममा विभाजित भएको पाइन्छ । वर्तमानमा आइ पुग्दा बृहत् परिवारको अवधारणा हराइ सकेको छ भने संयुक्त परिवारको प्रयोग पनि औद्धोगिक समाजको विकासको गतिसँगै नगण्य अवस्थामा रहेको छ भने कृषिको प्रभाव बढी रहेको स्थानमा भने अस्तित्व प्रभावपूर्ण रहेको छ । सोही अनुसार यस कारागारका बन्दीहरूको अध्ययनमा पनि पाइयो जस अनुसार जम्मा ५९ जना व्यक्तिहरूमा संयुक्त परिवारका ४२ जना वा ७१.१९% र एकल परिवारका १७ जना वा २८.८१% रहेको पाइयो ।

**तालिका नं. ५.२.२ जग्गाको स्वामित्वको आधारमा उत्तर दाताको वितरण**

| **जग्गाको स्वामित्व** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| जग्गाको स्वामित्व छ | ४४ | ७४.५८ |
| जग्गाको स्वामित्व छैन | १५ | २५.४२ |
| **जग्गा** | **५९** | १०० |

स्रोत : स्थलगत अध्ययन : २०७०

नेपाली समाजको समग्र अध्ययन गर्दा जग्गाको कत्ति पनि स्वामित्व नभएको मानिसको सङ्ख्या नगण्य मात्रामा देखिन्छ । सोको प्रभाव कारागारका बन्दीहरूमा पनि देखियो । यस अनुसार जग्गाको स्वामित्व ६ मा ४४ जना वा ७४.५८% र छैनमा १५ जना वा २५.४२% पाइयो ।

**तालिका नं. ५.२.३ सवारी साधनको स्वामित्वको आधारमा उत्तर दाताको वितरण**

| सवारी साधनको स्वामित्व | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| स्वामित्व छ | ६ | १०.१७ |
| स्वामित्व छैन | ५३ | ८९.८३ |
| जम्मा | **५९** | १०० |

स्रोत : स्थलगत अध्ययन : २०७०

वर्तमान औद्धोगिक युगमा सहरीकरण व्यापक भएको छ । शहरीकरणको व्यापकतासँगै सवारी साधनको प्रयोग पनि बढेको छ । तथ्याङ्क अनुसार सवारी साधनको स्वामित्व छ मा ६ जना वा १०.१७% र छैनमा ५३ जना वा ८९.८३% पाइयो ।

**तालिका नं. ५.२.४ सन्तान भए नभएको आधारमा उत्तर दाताहरूको वितरण**

| सन्तान भए नभएको | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | ३० | ५०.८५ |
| छैन | २९ | ४९.१५ |
| **जम्मा** | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन : २०७०

बालबच्चा हुनु वा नहुनुले विभिन्न कार्य सम्पादनमा विशेष प्रभाव पारेको पाइन्छ । यस कारागारसँग सम्बन्धित मुद्दामा संलग्न बन्दीहरूबाट प्राप्त तथ्यका आधारमा सन्तान छन् भन्नेमा ३० जना वा ५०.८५% र छैनन् मा २९ जना वा ४९.१५% पाइयो ।

**तालिका नं. ५.२.५ उत्तर दाताका सन्तानहरूको पढ्ने विद्यालयको किसिम**

| सन्तानहरूको पढ्ने विद्यालयका किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामुदायिक | २१ | ७० |
| निजी | ९ | ३० |
| जम्मा | **३०** | **१००** |

स्रोत : स्थलगत अध्ययन : २०७०


वर्तमान नेपालको सन्दर्भमा निजी विद्यालयप्रतिको आकर्षण ह्वात्तै बढेको पाइन्छ भने सामुदायिक विद्यालयहरू सरकारी लगानी बढी भएर पनि खस्कदै गएको पाइन्छ । तर पनि यस कारागारमा रहेका बन्दीहरूले सामुदायिक विद्यालयमा नै आफ्ना सन्तानहरूलाई पढाइएको पाइयो । यस अनुसार बन्दीहरूका सन्तति सामुदायिक विद्यालयमा पढ्ने २१ जना वा ७०% र निजी विद्यालयमा पढ्ने ९ जना वा ३०% गरी जम्मा ३० जना सन्तति पढाइमा संलग्न रहेको पाइयो ।

**तालिका नं. ५.२.६ आरोपित मुद्दाको आधारमा उत्तर दाताको वितरण**

| **आरोपित मुद्दा** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| कर्तव्य ज्यान | ३४ | ५७.६२ |
| जबर्जस्ती करणी | १० | १६.९४ |
| डाँका चोरी | ८ | १३.५५ |
| केही सार्वजनिक अपराध | १ | १.७० |
| सवारी ज्यान | १ | १.७० |
| अङ्ग भङ्ग/कुटपिट | १ | १.७० |
| लागु औषध | १ | १.७० |
| अनुत्तरित | ३ | ५.०९ |
| **जम्मा** | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन : २०७०

नेपालका विभिन्न कारागारमा झन्डै २० भन्दा बढी मुद्दामा संलग्न बन्दीहरू रहेका छन् । म्याग्दी कारागारमा जम्मा ७ मुद्दामा संलग्न बन्दीहरू रहेका छन् । प्राप्त तथ्यका आधारमा सबभन्दा बढी कर्तव्य ज्यानमा ३४ जना वा ५७.६२%, जबरजस्ती करणीमा १० जना वा १६.९४%, डाँका चोरीमा ८ जना वा १३.५५%, केही सार्वजनिक अपराध, सवारी ज्यान, अङ्ग भङ्ग/कुटपिट र लागु औषधमा १/१ जना वा १.७०% अन्त्यमा अनुत्तरितमा ३ जना वा ५.०९% संलग्न भएको पाइयो । यसलाई बार चार्टमा देखाइएको छ ।



**तालिका नं. ५.२.७ उत्तर दाताको सम्बन्धित क्षेत्रमा लाग्नको कारण**

| कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| साथी सङ्गत | २५ | ४२.३७ |
| पारिवारिक | १२ | २०.३४ |
| अन्य | २२ | ३७.२९ |
| **जम्मा** | **५९** | १०० |

स्रोत : स्थलगत अध्ययन : २०७०

समाजका विभिन्न परिवेश, तत्त्वका कारण मानिसहरू विभिन्न विकृति, विसङ्गतिमा संलग्न रहेको पाइन्छ । सोही प्रक्रिया अन्तर्गत नै विभिन्न व्यक्तिहरू विभिन्न अपराधमा संलग्न रहेको भेट्टाइन्छ । म्याग्दी कारागारमा रहेका सम्बन्धित मुद्दामा संलग्न बन्दीहरूको अध्ययनबाट प्राप्त तथ्याङ्कको आधारमा सबभन्दा बढी साथी सङ्गतको कारण २५ जना वा ४२.३७%, पारिवारिक १२ जना वा २०.३४% र अन्यमा २२ जना वा ३७.२९% रहेको पाइयो ।

## ५.३ कारागारको भौतिक सुबिधाप्रति बन्दीहरूको धारणा

कुनैपनि मानव समाजको विकास, उन्नति र प्रगतिका लागि भौतिक पक्षको विशेष महत्त्व रहन्छ । मानिसका आवश्यकतासँग जोडिएका भौतिक पक्षको सही व्यवस्थापनले मानव समाज सभ्य, सु-संस्कृत, सुन्दर र संगठित बन्न सक्छ भने सोको अभावमा कारुणिक, कष्टकर र पीडादायक हुन सक्छ । त्यसैले मानव समाज विकासको सन्दर्भमा भौतिक पक्षको सही व्यवस्थापन हुनु निश्चय नै जरुरी छ । यही सन्दर्भमा कारागारको समाज बुझ्नका निम्ति निम्न अनुसारका पक्षहरूमा केन्द्रित रही तथ्याङ्कको प्रस्तुतीकरणको विश्लेषण गरिएको छ ।

**तालिका नं. ५.३.१ बन्दीको सङ्ख्या र जेलको अवस्थाका बारेमा बन्दीहरूको धारणा**

| बन्दीको सङ्ख्या र जेलको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| क्षमताभन्दा बढी | ४५ | ७६.२७ |
| क्षमता अनुसार | १४ | २३.७३ |
| जम्मा | ५९ | १०० |

स्रोत : स्थलगत अध्ययन : २०७०

नेपालमा रहेका ७२ जिल्लामा रहेको ७४ कारागारहरूमध्ये प्राय: जसोमा बन्दीको सङ्ख्या र कारागारको भौतिक व्यवस्थापनलाई मिलाइएको छैन । भौतिक कठिनाइलाई हटाउनेभन्दा पनि बन्दीलाई भेडाबाखा झैं गरी मिसमास, खाँदखुँद गरी राखिएको पाइन्छ । सो को पुष्टि म्याग्दी कारागारमा पनि भयो । यस अनुसार कारागारको क्षमताभन्दा बढि राखिएको छ भन्ने तथ्याङ्क ४५ वा ७६.२७% रह्यो भने क्षमता अनुसार भन्नेमा १४ जना वा २३.७३% पाइयो ।

**तालिका नं. ५.३.२ कारागारमा रहेको ट्वाइलेट, बाथरुमको अवस्थाप्रति बन्दीहरूको धारणा**

| **बाथरुमको अवस्थाप्रति बन्दीहरूको धारणा** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| ठिकै छ | २९ | ४९.१५ |
| राम्रो छ | २५ | ४२.३७ |
| राम्रो छैन | ५ | ८.४७ |
| **जम्मा** | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन : २०७०

मानव सभ्यता र स्वास्थ्यको दृष्टिकोणले ट्वाइलेट बाथरुमको सहि व्यवस्थाको नितान्त जरुरी छ । यस कारागारमा रहेका बन्दीहरूको प्रत्यक्ष मत सङ्कलनमा ट्वाइलेट बाथरुमको व्यवस्था वा अवस्था राम्रो भन्नेमा २५ जना वा ४२.३७%, काम गरि रहेको छ वा ठिकै छ मा २९ जना वा ४९.१५% र राम्रो छैनमा जम्मा ५ जना वा ८.४७% पाइयो । उक्त तथ्याङ्कबाट र प्रत्यक्ष अवलोकनबाट यस कारागारमा ट्वाइलेट बाथरुमको अवस्था सुधारोन्मुख छ भन्न सहज सकिन्छ ।

**तालिका नं. ५.३.३ कारागारमा दिइने खानाप्रति बन्दीहरूको धारणा**

| कारागारमा दिइने खानाप्रति बन्दीहरूको धारणा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | १८ | ३०.५१ |
| नराम्रो | १० | १६.९५ |
| ठिकै छ | ३१ | ५२.५४ |
| जम्मा | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन : २०७०

मानवका अत्यन्त आधारभूत आवश्यकता भित्र पर्ने खाना, कपडा, वासमध्ये यस कारागारमा खानाको व्यवस्था बारे मत सङ्कलन गरिएको छ । प्राप्त उत्तर अनुसार

खानाको वितरण वा व्यवस्थापनप्रति राम्रो छ भन्नेमा १८ जना वा ३०.५१%, नराम्रो छ मा १० जना वा १६.९५% र ठिकै छ भन्नेमा ३१ जना वा ५२.५४% उत्तर दाता पाइयो । प्रत्यक्ष अवलोकन र छलफलबाट प्राप्त तथ्यहरूलाई पनि एकै ठाउँमा राखेर हेर्दा कारागारमा अलि हुने खानेहरूका निम्ति सरकारी भान्साको व्यवस्था तथा आफ्नो लगानीमा आवश्यक वस्तुहरू प्राप्त हुने भएकोले पोषणयुक्त खाद्ध पदार्थको पूर्ति भई स्वास्थ्य ठिकै भएको पनि पाइयो भने छुट्टै आय नहुनेका लागि राज्यबाट प्राप्त खानाको व्यवस्थापनले सकारात्मक प्रभाव पारेको देखियो ।

**तालिका नं. ५.३.४ कारागारमा पुस्तकालयको व्यवस्थाप्रति बन्दीहरूको धारणा**

| कारागारमा पुस्तकालयको व्यवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो छ | ४० | ६७.८० |
| राम्रो छैन | १२ | २०.३४ |
| देखाउनको लागि मात्र हो | ७ | ११.८६ |
| जम्मा | **५९** | १०० |

स्रोत : स्थलगत अध्ययन : २०७०

चेतनाशील प्राणी मानिसको निरन्तर विकासका निम्ति ज्ञानको विकास र विस्तार जरुरी छ । वर्तमान समाजमा ज्ञानको आधारभूत साधनको रूपमा प्रयोगमा रहेको लाइब्रेरीको सहि व्यवस्थापन जहाँसुकै जरुरी देखिन्छ । सोहि अनुसार कारागारमा पनि लाइब्रेरी व्यवस्था गरिएको रहेछ । यसको उपलब्धिको अर्थमा बन्दीहरूको धारणा बुझ्दा राम्रो छ भन्नेमा ४० जना वा ६७.८०%, राम्रो छैन मा १२ जना वा २०.३४% र देखाउनको लागि मात्र हो ७ जना वा ११.८६% उत्तर दाता पाइयो । प्रत्यक्ष अवलोकनबाट महिलातर्फ पुस्तकालयको व्यवस्थापन नभएको, पुरुषतर्फ भएको तर प्रयोग विधि, तरिकालाई आवश्यक रूपमा नमिलाइएको देखियो ।

## ५.४ कारागारको मानसिक तथा मानवीय पक्षसँग सम्बधित विषयमा बन्दीहरूको धारणा

कुनै पनि मानव समाजको अध्ययन गर्दा त्यसको भौतिक, सामाजिक, साँस्कृतिक, आर्थिक, मानसिक तथा मानवीय पक्षसँग सम्बन्धित विषयमा अध्ययन गर्न जरुरी हुन्छ । उपर्युक्त पक्षहरू मध्ये कुनै एकको अभावमा समाज राम्रोसँग सञ्चालन हुन सक्दैन । अझ मानव समाजको सन्दर्भमा उसको मानसिक तथा मानवीय पक्षसँग सम्बन्धित विषयमा

वेवास्ता गऱ्यौं भने निश्चय नै अध्ययन अपरिपक्व, काँचो र अपूर्ण नै हुन्छ । यहीं सन्दर्भमा यस कारागारको समाज बुझ्ने प्रक्रियामा निम्न अनुसारका पक्षहरूमा केन्द्रित रही तथ्याङ्कहरूको प्रस्तुतीकरण र विश्लेषण गरिएको छ ।

**तालिका नं. ५.४.१ कारागारमा औपचारिक शैक्षिक अध्ययनको सुविधा भए नभएको बारे बन्दीहरूको धारणा**

| कारागारमा औपचारिक शैक्षिक अध्ययनको सुविधा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो छ | ३३ | ५५.९३ |
| राम्रो छैन | २६ | ४४.०७ |
| जम्मा | ५९ | १०० |

स्रोत : स्थलगत अध्ययन : २०७०

वर्तमान विश्व मानव समाजमा औपचारिक शिक्षाको महत्त्व निकै बढी छ । कारागार पनि मानव समाजको एक एकाई भएकोले यहाँ पनि बन्दीको जीवनस्तरको विकासका निम्ति औपचारिक शिक्षा दिइनु जरुरी छ । यस सन्दर्भमा उत्तर दाताको मतानुसार सुविधा राम्रो छ भन्नेमा ३३ जना वा ५५.९३% र राम्रो छैन भन्नेमा २६ जना वा ४४.०७% पाइयो । प्रत्यक्ष अवलोकनलाई पनि जोडेर हेर्दा औपचारिक शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरिएको छ । जसले आफै बढि सचेत भएर खोज गरेको छ तर सामान्यहरूलाई उत्साहित गराएर कारागारभित्रै शिक्षकको चयन गरी व्यवस्था मिलाइएको देखिएन ।

**तालिका नं. ५.४.२ कारागारमा उपलब्ध उपचार सेवाको बारेमा बन्दीको धारणा**

| **कारागारमा उपलब्ध उपचार सेवा** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| ठिक छ | ३३ | ५५.९३ |
| ठिक छैन | २६ | ४४.०७ |
| जम्मा | ५९ | १०० |

स्रोत : स्थलगत अध्ययन : २०७०

मानव र मानव समाजको सही अस्तित्व र औचित्यका निम्ति स्वस्थकर मानव र मानव समाजको स्थिति तयार हुनु वा गर्नु प्रमुख विषय हो । यही कारणले विश्वभरी स्वास्थ्य सम्बन्धी धेरै प्रयत्न, प्रयासहरू भैरहेको पाइन्छ । यहि विषयलाई लिएर कारागारमा रहेका अध्ययन समूहका बन्दीहरूबाट उत्तर खोज्दा ठिक छ भन्नेमा ३३ जना वा ५५.९३% र ठिक छैन भन्नेमा २६ जना वा ४४.०७% पाइयो । हाम्रो प्रत्यक्ष अवलोकन र छलफलबाट प्राप्त जानकारी अनुसार स्वास्थ्य परिक्षण वा सामन्य स्तरमा औषधि वितरणका

निम्ति एक हेल्थ असिस्टेन्टको व्यवस्था गरिएको रहेछ । बन्दीहरूको आफ्नो लगानीमा हस्पिटल सम्म लैजाने र उपचार सेवा उपलब्ध गराउने व्यवस्था रहेछ । तर लगानी गर्न नसक्ने बन्दीहरूको अलि गम्भीर स्वास्थ्य समस्या देखिएमा उपचारको व्यवस्था गर्नमा ढिलासुस्ती हुने र कहिलेकाही यही कारणले ज्यान समेत पनि जोखिममा परेको तथ्य भट्टाइयो ।

**तालिका नं. ५.४.३ कारागारमा अपराधिक प्रवृत्ति निराकरण नियन्त्रण सम्बन्धी प्रशिक्षण, छलफल व्यवस्था**

| अपराधिक प्रवृत्ति निराकरण नियन्त्रण सम्बन्धी प्रशिक्षण, छलफलको व्यवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | २७ | ४५.६७ |
| छैन | ३२ | ५४.२३ |
| **जम्मा** | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन २०७०

कुनै पनि मानिस आफैमा नराम्रो कमजोर बन्न चाहदैन तर पारिवारिक, सामाजिक, सांस्कृतिक वातावरणका कारण कतिपय अवस्थामा जैविक कारणले पनि ऊ नराम्रो, कमजोर, अपराधी बन्न पुग्दछ । त्यसैले राज्यले वा नेतृत्व तहले ( परिवारदेखि विश्व स्तरसम्म) सदैव सकारात्मक वातावरण निर्माणका निम्ति अनेकौं विधि, प्रविधिको विकास र विस्तार गर्नु अपरिहार्य छ । यसमध्ये प्रशिक्षण, छलफल पनि एक विधि हो । कारागारमा विभिन्न किसिमको आपराधिक मानसिकताको प्रवृत्तिको केन्द्रीकरण हुने भएकाले उनीहरूको सकारात्मक रूपान्तरणका निम्ति अपराधिक प्रवृत्ति नियन्त्रण/निराकरण सम्बन्धी प्रशिक्षण, छलफल लगायत विभिन्न विधि, प्रविधिको व्यवस्थापन गर्नु जरुरी छ । हामीले प्रशिक्षण, छलफलका व्यवस्था बारे बन्दीहरूको धारणा बुझ्ने सन्दर्भमा गरिएको प्रश्नको उत्तरमा व्यवस्था छ भन्नेमा २७ जना वा ४५.६७% र छैन भन्नेमा ३२ जना वा ५४.२३% उत्तर दाता पाइयो । उक्त तथ्य र अवलोकन, छलफल समेतबाट प्राप्त तथ्याङ्कबाट अपराधिक नियन्त्रण निराकरण सम्बन्धी छलफल प्रशिक्षणको विधि प्रयोगमा ल्याइएको पाइएन ।

**तालिका नं. ५.४.४ कारागारमा उपलब्ध सिपमूलक तालिमको सुबिधाका बारेमा बन्दीहरूको धारणा**

| **कारागारमा उपलब्ध सिपमूलक तालिमको सुविधा** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| नियमित छ | ११ | १८.६४ |
| नियमित छैन | ४० | ६७.८० |
| देखाउनको लागि मात्र छ | ८ | १३.५६ |
| **जम्मा** | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन २०७०

मानिसको चेतनाको निरन्तर विकास र विस्तारको लागि आवश्यक मात्रामा ज्ञान र सिपको अवसर प्राप्त गर्न जरुरी छ अन्यथा व्यक्तित्व विकासमा अवरोध पैदा हुन्छ र मानवीय जीवन पीडादायक बन्न पुग्दछ । मानव समाजको एक एकाइ कारागारमा रहेका बन्दीहरूको विकास र प्रगतिका लागि ज्ञान र सिप प्राप्तिको अवसर प्रदान गर्नु जरुरी देखिन्छ । यसै सन्दर्भमा कारागारका अध्ययन समूहका बन्दीहरूबाट प्राप्त उत्तर अनुसार सिपमूलक तालिमको सुबिधाबारे सुबिधा छ भन्नेमा ११ जना वा १८.६४%, छैन भन्नेमा ४० जना वा ६७.८०% र देखाउनको लागि मात्र छ मा ८ जना वा १३.५६% पाइयो । अध्ययनमा प्रयोगमा ल्याइएका समग्र विधिको अध्ययनबाट कहिलेकाहीँ मुढा बनाउने, मैनबत्ती बनाउने, फर्निचर बनाउने जस्ता तालिम दिइएको तर त्यसको निरन्तर विकासका लागि वातावरण तयार नगरिएको पाइयो । विभिन्न सामाजिक संस्थाद्वारा प्रदान गरिएको तालिमको दीर्घ कालीन उपलब्धिबारे कारागार प्रशासन वा राज्यपक्ष सचेत रहेको पाइएन जसले गर्दा सङ्घ संस्थाहरूको मानवीय प्रयासहरू उपलब्धीमूलक देखिएन ।

**तालिका नं. ५.४.५ आरोपित मुद्दा अनुसार बन्दीहरूलाई राख्ने व्यवस्थाका बारेमा बन्दीहरूको धारणा**

| **बन्दीहरूलाई राख्ने व्यवस्था** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| मुद्दा अनुसार फरक छ | ८ | १३.५६ |
| एकै ठाउमा छ | ५१ | ८६.४४ |
| **जम्मा** | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन २०७०

यस कारागारमा ७ मुद्दामा बन्दीहरू र ३ जना बन्दीले मुद्दा खुलाउन नचाहेका भेटिए । मुद्दा अनुसार बन्दीहरूको आपराधिक मानसिकता, प्रवृत्ति फरक फरक हुन्छ । सामाजिकीकरणको प्रक्रिया अनुसार प्रत्येक समाजमा प्रत्येकको क्रियाकलाप, व्यवहार, अभ्यासले प्रत्येकलाई प्रभाव पारि रहेको हुन्छ । मानिसमा स्वभाविक रूपमा नक्कल गर्ने प्रवृत्ति हुन्छ । त्यसैले समाजमा सकारात्मक रूपान्तरण र विकासका निम्ति त्यहि अनुसारको सामाजिक सांस्कृतिक वातावरण तयार गर्नु पर्ने हुन्छ । यसलाई भौतिक व्यवस्थापनको पक्षले पनि विशेष प्रभाव पार्दछ । यसै सन्दर्भमा कारागारको समाज बुझ्ने सन्दर्भमा बन्दीहरूको बसोबास गर्ने स्थानमा मुद्दा अनुसार भिन्ना भिन्नै स्थानको व्यवस्था गरिएको छ वा एकै स्थानमा राखिएको छ भनी प्रश्न सोधिएको थियो । उत्तर दाताले दिइएको जानकारी अनुसार साझा ठाउँ वा एकै स्थानमा राखीएको छ भन्नेमा ५१ जना वा ८६.४४% र फरक छ मा ८ जना वा १३.५६% पाइयो । अवलोकन र प्राप्त उत्तर अनुसार यस कारागारमा प्रवृत्तिगत केन्द्रीकरणले रूपान्तरणको सन्दर्भमा पार्ने प्रभाव बारे बेवास्ता गरेको पाइयो ।

## ५.५ कारागारमा हुने यातनाप्रति बन्दीहरूको धारणा

मानव समाज विकृत हुने गरी कार्य गरे बापत राज्यले उसलाई दण्ड गरी रूपान्तरणका निम्ति राख्ने स्थान कारागार हो । यसमा रूपान्तरणका निम्ति परम्परागत रूपमा शारीरिक, मानसिक यातना समय, स्थान र सन्दर्भ अनुसार कुनै कुनै रूपले बढी वा कम दिँदै आइ रहेको विगतको अध्ययनले पुष्टि गर्दछ । मानव समाजको विकासको गति अनुसार यस सम्बन्धी विधि र प्रविधिमा पनि परिवर्तन हुँदै आएको छ । यहीं सन्दर्भमा म्याग्दी कारागारमा रहेका बन्दीहरूलाई दिइने यातनाको अवस्था बारे अध्ययन गर्नका निम्ति निम्न अनुसारका बुँदामा केन्द्रित रही तथ्याङ्कहरूको प्रस्तुतीकरण र विश्लेषण गरिएको छ ।

**तालिका नं. ५.५.१ कारागारमा बन्दीहरूलाई दिइने शारीरिक यातनाको अवस्थाको बारेमा बन्दीहरूको धारणा**

| यातना | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दिइन्छ | ३ | ५.०८ |
| दिइदैन | ५६ | ९४.९२ |
| **जम्मा** | **५९** | १०० |

स्रोत : स्थलगत अध्ययन २०७०

मानिस प्राकृतिक रूपमा नै सचेत वा चेतनशील प्राणी भएकोले शारीरिक पक्षभन्दा मानसिक पक्षको भूमिका स्वाभाविक रूपमा बढी हुन्छ । त्यसैले मानिसको रूपान्तरणका निम्ति मानसिक रूपान्तरणका विधि, प्रविधि प्रयोग गर्नु जरुरी मानिन्छ । यसै सन्दर्भमा बन्दीहरूलाई दिइने परम्परागत शारीरिक यातना बारे प्रश्न सोधिएकामा शारीरिक यातना दिँइदैनमा ३ जना वा ५.०८% र दिइन्छ मा ५६ जना वा ९४.९२% उत्तर दाता पाइयो । समग्र अध्ययनबाट शारीरिक यातनाको अवस्था नरहेको पाइयो ।

**तालिका नं. ५.५.२ कारागारामा बन्दीहरूलाई दिइने मानसिक यातनाको बारेमा बन्दीहरूको धारणा**

| यातनाको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दिइन्छ | २३ | ३८.९८ |
| दिइदैन | ३६ | ६१.०२ |
| **जम्मा** | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन २०७०

कारागारमा रहेका बन्दीहरूको प्रवृत्ति रूपान्तरणका निम्ति वा व्यवहार परिवर्तनका निम्ति मानसिक वा सोच्ने, बुझ्ने प्रक्रियामा परिवर्तन गर्नु पर्ने हुन्छ जसका निम्ति विभिन्न विधिहरूको प्रयोग गरिन्छ । विधिहरू उत्साहित गराएर (सकारात्मक) परिवर्तन गर्ने विधि अर्को दबाब दिएर, डर त्रास देखाएर वा निराश बनाएर (नकारात्मक) परिवर्तन गर्ने विधि हुन्छन् । यसै सन्दर्भमा परम्परागत विधि अनुसार मानसिक यातना दिएको नदिएको बारे बन्दीहरूको धारणा बुझ्न खोजिएकोमा उत्तर दाताहरू मध्ये २३ जना वा ३८.९८% ले मानसिक यातना दिइन्छ र ३६ जना वा ६१.०२% दिइदैनमा उत्तर दिए । उक्त तथ्याङ्क र छलफल सहित प्रत्यक्ष अवलोकनबाट प्राप्त जानकारीमा मानसिक परिवर्तनका निम्ति परम्परागत विधिलाई नै निरन्तरता दिइएको पाइयो ।

## ५.६ कारागार प्रशासन र बन्दीहरूको बिच तथा अन्तर बन्दीहरू बिचको सम्बन्ध, शैली र दृष्टिकोण

समाजले दिइएको दण्ड भोग्न आएका बन्दीहरू र उनीहरूको सुरक्षा, व्यवस्थापन र रूपान्तरणका लागी रहेको कारागार प्रशासन बिचको सम्बन्ध स्वभावीक रूपमा अत्यन्त सकारात्मक हुनु जरुरी छ । त्यसरी नै विभिन्न सामाजिक साँस्कृतिक परिवेशबाट

आएका बन्दीहरू बिच पनि सम्बन्ध, शैली र दृष्टिकोणमा सकारात्मकपन हुनु नितान्त जरुरी छ । यही सन्दर्भमा निम्न अनुसारका पक्षमा केन्द्रित रही तथ्याङ्कहरूको प्रस्तुतीकरण र विश्लेषण गरिएको छ ।

**तालिका नं. ५.६.१ कारागारमा प्रशासनको बन्दीप्रतिको दृष्टिकोण**

| कारागारमा प्रशासनको बन्दीप्रतिको दृष्टिकोण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सकारात्मक | ५२ | ८८.१४ |
| नकारात्मक | ७ | ११.८६ |
| **जम्मा** | **५९** | १०० |

स्रोत : स्थलगत अध्ययन २०७०

कारागारमा बन्दीहरूको सुरक्षा, व्यवस्थापनका निम्ति कारागार प्रशासन र सुरक्षाकर्मीहरूको व्यवस्था गरिएको हुन्छ । कारागारमा बन्दीहरूलाई अपराधिक क्रियाकलापबाट अलग हुने मानसिकता विकासको निम्ति राखिन्छ । त्यस्तो मानसिकता विकासको निम्ति नेतृत्व तह कारागार प्रशासन र सुरक्षा प्रशासनले असल अविभावकीय भूमिका निर्वाह गर्नु पर्ने हुन्छ । यसै सन्दर्भमा प्रशासनको बन्दीहरूप्रतिको दृष्टिकोण बुझ्ने प्रयास गरेका थियौं । उत्तर दाताको उत्तरानुसार सकारात्मक दृष्टिकोण भन्नेमा ५२ जना वा ८८.१४% र नकारात्मक भन्नेमा ७ जना वा ११.८६% पाइयो । उक्त तथ्य अवलोकन र छलफलबाट प्राप्त तथ्यहरूबाट बन्दीहरूप्रति कारागार प्रशासन र सुरक्षाकर्मीहरू व्यवहारतः नकरात्मक त देखिएन, सकारात्मक रूपान्तरणका प्रक्रियाहरू अवलम्बन गर्ने सबालमा सक्रिय पनि देखिएन ।

**तालिका नं. ५.६.२ आफूहरूको भाषा शैलीको बारेमा बन्दीहरूको धारणा**

| आफूहरूको भाषाशैली | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शिष्ट छ | ४९ | ८३.०५ |
| अश्लील छ | १० | १६.९५ |
| **जम्मा** | **५९** | १०० |

स्रोत : स्थलगत अध्ययन २०७०

कारागारमा प्रायः गरी विभिन्न अपराधिक क्रियाकलापमा संलगन व्यक्तिहरूको उपस्थिति रहने कारणले प्रत्येक व्यवहार, क्रियाकलाप, शैली अश्लील, असभ्य किसिमको हुने

परम्परागत बुझाइ भएका सन्दर्भमा बन्दीहरूको भाषा शैली बारे प्रश्न गर्दा ४९ जना वा ८३.०५% उत्तर दाताले भाषा शैली शिष्ट छ र १० जना वा १६.९५% ले अश्लील छ भन्ने रहे । ठोस गरिएका विधिहरूको अध्ययनबाट कारागारका बन्दीहरूको भाषा शैलीमा अश्लीलताको भन्दा शिष्टताको मात्रा बढी देखियो सोको कारण कारागारको सामाजिक सांस्कृतिक वातावरण सकरात्मक बनाउने तर्फ विशेष जोड दिइएको भन्ने देखिन्छ ।

**तालिका नं. ५.६.३ आफूहरूको जीवन शैलीका बारेमा बन्दीहरूको धारणा**

| जीवन शैलीको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सुधारोन्मुख छ | ३९ | ६६.१० |
| उस्तै हो | १२ | २०.३४ |
| झन् खस्कदो छ | ८ | १३.५६ |
| **जम्मा** | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन २०७०

कारागारमा कर्तव्य वा भवितव्यको प्रक्रियामा मानिसहरू प्रवेश गर्दछन् । कारागार व्यवस्थापन पक्षको निगरानी, सहयोग र सुरक्षामा उनीहरू रहेका हुन्छन् । सो अवस्थामा बन्दीहरूको दिमागमा भावी जीवनबारे उथलपुथल भई विभिन्न विचार, भावना तरङ्गित हुन्छन् । उनीहरूको चिन्तनले जीवन शैलीलाई निर्देशित गर्दछ । यसै जीवन शैली बन्दीहरूलाई प्रश्न गर्दा उत्तर दाताहरूमध्ये ३९ जना वा ६६.१०% ले जीवन शैलीको अवस्था सुधार उन्मुख, १२ जना वा २०.३४% उस्तै हो र ८ जना वा १३.५६% झन् खस्कँदो छ भनी उत्तर दिए । उक्त तथ्याङ्कको आधारमा बन्दीहरू आफूहरू सुधारोन्मुख रहेको र अझै सुधार गर्नुपर्छ भन्ने चिन्तनतर्फ उन्मुख भएको देखियो ।

**तालिका नं. ५.६.४ आफूले गरेको अपराधप्रति बन्दीहरूमा पश्चात्तापको अवस्था**

| पश्चात्तापको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | ५१ | ८६.४४ |
| छैन | ८ | १३.५६ |
| **जम्मा** | **५८** | **१००** |

स्रोत : स्थलगत अध्ययन २०७०

कारागार विकासको मूल मर्म अपराधीलाई निश्चित स्थानमा राखी आफ्ना गल्ती कमजोरीको अनूभूति गर्ने अवस्था सिर्जना गर्ने र ती क्रियाकलाप प्रति पश्चाताप गरी सकारात्मक रूपान्तरण गर्नु हो । सोहि सन्दर्भमा उत्तर दाता समक्ष प्रश्न राख्दा अपराधप्रति पश्चाताप छ भन्नेमा ५१ जना वा ८६.४४% र छैन भन्नेमा ८ जना १३.५६% उत्तर दाता पाइयो ।

**तालिका नं. ५.६.५भावी जीवनप्रति बन्दीहरूको धारणा**

| **भावी जीवनप्रति बन्दीहरूको धारणा** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| आशावादी | ५३ | ८९.८३ |
| निराशावादी | ६ | १०.१७ |
| **जम्मा** | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन २०७०

सकारात्मक रूपान्तरणको लक्ष्यलाई आधार बनाइ निर्माण र विकास गरिएको कारागारमा बन्दीहरूको भावी जीवनप्रतिको सोंच, धारणा बुझ्ने सन्दर्भमा गरिएको प्रश्नमा अध्ययन समूहका ५३ जना वा ८९.८३% ले आशावादी र ६ जना वा १०.१७% ले निराशावादी भन्ने उत्तर दिए । उक्त तथ्यले अझ कारागार सञ्चालनको लक्ष्यलाई पक्रन सकेको देखियो ।

**तालिका नं. ५.६.६ आफूहरूको जीवन पद्धति समाज उपयोगी बनाउन मुख्य भूमिका खेल्ने निकाय**

| **आफूहरूको जीवन पद्धति समाज उपयोगी बनाउन मुख्य भूमिका खेल्ने निकाय** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| राज्य | ४७ | ७९.६६ |
| समुदाय | ८ | १३.५६ |
| परिवार | ३ | ५.०८ |
| अन्य | १ | १.६९ |
| **जम्मा** | **५९** | **१००** |

स्रोत : स्थलगत अध्ययन २०७०

कारागार पनि मानव समाजको एक एकाइ हो । यहाँ पनि बन्दीहरूको जीवन पद्धतिमा सकारात्मक रूपान्तरण गरी समाजोपयोगी बनाउन विभिन्न तहबाट विभिन्न

प्रयासहरू गरिन्छ । त्यसै सन्दर्भमा बन्दीहरूलाई समाजोपयोगी बनाउनका निम्ति विभिन्न निकायहरूमध्ये कसको भूमिका प्रमुख रहनु पर्छ भन्ने प्रश्नको उत्तरमा ४७ जना वा ७९.६६% ले राज्यको भूमिकालाई जोड दिए भने ८ जना वा १३.५६% ले समुदायलाई, ३ जना वा ५.०८% ले परिवारलाई र १ जना वा १.६९% ले अन्यलाई जोड दिए । उक्त तथ्याङकहरूबाट बन्दीहरूको जीवन पद्धति समाजोपयोगी बनाउन राज्य, समुदाय, परिवार सबैको भूमिका हुनु पर्ने तर मूल रूपमा राज्यको भूमिका, दायित्व र प्रभाव विशेष हुने भन्ने देखिन्छ ।

**तालिका नं. ५.६.७ अपराधी प्रवृत्ति र मानव समाजको सम्बन्धको बारेमा बन्दीहरूको धारणा**

| अपराधी प्रवृत्ति र मानव समाजको सम्बन्ध | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अस्तव्यस्त हुन्छ | ५३ | ८९.८३ |
| ठिकै हुन्छ | ६ | १०.१७ |
| **जम्मा** | **५९** | १०० |

स्रोत : स्थलगत अध्ययन २०७०

मानव उच्च चेतनाको प्राणी भएकाले मानव समाज मात्र सभ्य, सुसंस्कृत बन्न सम्भव हुन्छ । यसै सम्भावनालाई आधार बनाएर वर्तमान विश्वमा मानव समाज सभ्य र सुसंस्कृत बनाउन विभिन्न विचार र विधिको प्रयोग गर्दै अघि बढेको छ । यसै सन्दर्भमा अपराधी प्रवृत्तिले मानव समाजलाई अस्तव्यस्त बनाउँछ वा ठिकै हुन्छ भन्ने प्रश्न गर्दा बन्दीहरूमध्ये ५३ जना वा ८९.८३% ले अस्तव्यस्त हुन्छ र ६ जना वा १०.१७% ले ठीकै हुन्छ भन्ने पाइयो । उक्त तथ्यले मानव समाजलाई अपराधी प्रवृत्तिले नकरात्मक असर पार्दछ भन्ने बुझाइ बन्दीहरूमा रहेको स्पष्ट हुन्छ ।

**तालिका नं. ५.६.८ भावी जीवनको बारेमा बन्दीहरूले बनाएको योजना**

| भावी जीवनको बारेमा बन्दीहरूले बनाएको योजना | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक कार्यकर्ता हुने छु | २० | ३३.९० |
| आपराधिक क्रियाकलापहरूको बारेमा कहिल्यै सोच्दिन | ७ | ११.८६ |
| विदेश जान्छु | ८ | १३.५६ |
| परिवारको जिम्मेवार सदस्य भएर बस्छु | २५ | ४२.३७ |
| **जम्मा** | **५९** | १०० |

स्रोत : स्थलगत अध्ययन २०७०

निश्चित क्षेत्रभित्र विशेष निगरानीमा रहेर समय बिताउनु पर्दा बन्दीहरूको मनमा विभिन्न विचार र भावना पैदा हुन्छन् । प्रत्येक बन्दीका मनमा कारागार छुटेपछि के गर्ने, कस्तो जीवन जिउने भन्ने विभिन्न सोंच, चिन्तन छचल्कि रहेका हुन्छन् । त्यसै सन्दर्भमा भावी जीवनका बारे के योजना बनाइएको छ भन्ने प्रश्नको उत्तरमा अध्ययन समूहका बन्दीहरू मध्ये सबभन्दा बढी २५ जना वा ४२.३७% ले परिवारको जिम्मेवार सदस्य भएर बस्छु, २० जना वा ३३.९०% ले सामाजिक कार्यकर्ता हुनेछु, ७ जनाले ११.८६% ले अपराधिक क्रियाकलापबारे कहिल्यै सोच्दिनँ र ८ जनाले १३.५६% ले विदेश जान्छु भन्ने उत्तर दिए । उक्त तथ्य अवलोकनका आधारमा प्राप्त तथ्याङ्कको अध्ययनले प्राय: बन्दीहरू सकारात्मक रूपान्तरणमा उन्मुख भएको पाइयो ।

## ५.७ विविध मुद्दामा संलग्न बन्दीहरूमा शिक्षा, लिङ्ग र जातिको प्रभाव विश्लेषण

मानव र मानव समाजसँग सम्बन्धित सामाजिक, सांस्कृतिक, मानवीय जस्ता पक्षहरूमा विभिन्न तत्त्वहरूको विशेष प्रभाव रहन्छ । जसले समाजको स्वरूप निर्धारण गर्दछ । लिङ्ग, जाति, शिक्षा जस्ता तत्त्वहरूले विभिन्न सामाजिक घटनाहरूमा विशिष्ट र महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यसै सन्दर्भमा निम्न अनुसारका बुँदामा केन्द्रित रही सङ्कलित तथ्याङ्कहरूलाई प्रस्तुतीकरण र विश्लेषण गरिएको छ ।

**तालिका नं. ५.७.१ आरोपित मुद्दा र शैक्षिक योग्यता बिचको तुलना**

| शैक्षिक योग्यता | | मुद्दा | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कर्तव्य ज्यान | जबरजस्ती करणी | चोरी | लागुऔषध | सवारी ज्यान | सार्वजनिक | कुटपिट अंगभंग | नखुलाएको | | |
| स्नातक | सङ्ख्या | १ | | | | | | | | १ | १.७०% |
| प्रमाण पत्र तह | सङ्ख्या | ४ | १ | | | | १ | | १ | ७ | ११.८६% |
| प्रवेशिका | सङ्ख्या | ४ | २ | | | | | | १ | ७ | ११.८६% |
| साक्षर | सङ्ख्या | १३ | ४ | ५ | १ | १ | | १ | १ | २६ | ४४.०८% |
| निरक्षर | सङ्ख्या | १२ | ३ | ३ | | | | | | १८ | ३०.५०% |
| **जम्मा** | **सङ्ख्या** | ३४ | १० | ८ | १ | १ | १ | १ | ३ | ५९ | १००% |
| | **प्रतिशत** | ५७.६२% | १६.९४% | १३.५५% | १.७०% | १.७०% | १.७०% | १.७०% | ५.०९% | १००% | |

स्रोत : स्थलगत अध्ययन २०७०

अध्ययन क्षेत्र म्याग्दी कारागारमा ७ मुद्दामा संलग्न बन्दीहरू रहेका छन् । अध्ययन भित्र पर्ने मुद्दाहरू कर्तव्य ज्यान, जबरजस्ती करणी, चोरी, लागु औषध, सवारी

ज्यान, सार्वजनिक, कुटपिट अंगभंग र खुलाउन नचाहेको गरी ७ मुद्दाहरूमा सम्मिलित सबै बन्दीहरू ५९ जना रहेका छन् । ती बन्दीहरूको अध्ययनमा कुन मुद्दामा कस्तो सम्बन्ध शैक्षिक योग्यताले राख्दो रहेछ वा सम्बन्धीत मुद्दा र शैक्षिक योग्यता बिचको सम्बन्ध बुझ्ने सन्दर्भमा कर्तव्य ज्यानमा रहेका ३४ जना मध्ये स्नातक १ जना, प्रविणता प्रमाण पत्र तहका ४ जना, प्रवेशिका तहका ४ जना, साक्षरता १३ जना र निरक्षर १० जना । त्यसरी नै जबरजस्ती करणीमा १० जनामध्ये १ जना प्रमाण पत्र तह, २ जना प्रवेशिका, ४ जना साक्षर र ३ निरक्षर रहे भने चोरीमा ५ जना साक्षर र ३ जना निरक्षर रहे । लागु औषध, सवारी ज्यान र कुटपिट अङ्गभङ्गमा १/१ जना साक्षर रहे । सार्वजनिक अपराधमा १ जना प्रमाण पत्र तह रहे भने प्रमाण पत्र, प्रवेशिका र साक्षर गरी ३ जनाले आफ्नो मुद्दा खुलाउन चाहेनन् । उक्त तथ्याङ्कको आधारमा कर्तव्य ज्यानमा मुद्दामा शैक्षिक योग्यताको त्यस्तो प्रभाव देखिएन । त्यसमा अवलोकन र छलफल बिधिको समेत अध्ययन जोड्दा विचार विवेकको भन्दा आवेग भावनाको प्रभाव जबर्जस्त देखिन्छ ।

**तालिका नं. ५.७.२ आरोपित मुद्दा र लिङ्गको तुलना**

| लिङ्ग | | मुद्दा | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कर्तव्य ज्यान | जबरजस्ती करणी | चोरी | लागु औषध | सवारी ज्यान | सार्वजनिक | कुटपिट अङ्गभङ्ग | भन्न नचाहेको | |
| महिला | सङ्ख्या | २ | | | | | | | | २ |
| पुरुष | सङ्ख्या | ३२ | १० | ८ | १ | १ | १ | १ | ३ | ५७ |
| **जम्मा** | **सङ्ख्या** | ३४ | १० | ८ | १ | १ | १ | १ | ३ | ५९ |
| | **प्रतिशत** | ५७.६२% | १६.९४% | १३.५५% | १.७०% | १.७०% | १.७०% | १.७०% | ५.०९% | १००% |

स्रोत : स्थलगत अध्ययन २०७०

अध्ययन समूहमा रहेका जम्मा २ वा ३.३९% महिलाहरूले कर्तव्य ज्यान गरेको पाइयो भने पुरुष मध्ये कर्तव्य ज्यानमा ३२ जना वा ५४.३४%, जबरजस्ती करणीमा १० जना वा १६.९४%, चोरीमा ८ जना वा १३.५५%, लागु औषध, सवारी ज्यान, सार्वजनिक, कुटपिट अङ्गभङ्गमा १/१ जना वा १.७०% र भन्न नचाहेकाहरू ३ जना वा ५.०९% संलग्न रहेको पाइयो । उपरोक्त तथ्याङ्कको आधारमा कर्तव्य ज्यान महिलाहरूको बढी संलग्नता रहेको र अन्य अपराधमा भने पुरुषहरू नै बढी देखिए ।

### तालिका नं ५.७.३ आरोपित मुद्दा र जाति जातीयता बिचको तुलना

| जाति जातीयता | | मुद्दा | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कर्तव्य ज्यान | जबरजस्ती करणी | चोरी | लागु औषध | सवारी ज्यान | सार्वजनिक | कुटपिट अङ्गभङ्ग | भन्न नचाहेको | |
| दलित | सङ्ख्या | १० | ६ | ३ | | | | | २ | २१ |
| क्षेत्री | सङ्ख्या | ८ | १ | १ | | | १ | १ | १ | १३ |
| ब्राह्मण | सङ्ख्या | | १ | १ | | | | | | २ |
| जनजाति | सङ्ख्या | १६ | २ | ३ | १ | १ | | | | २३ |
| **जम्मा** | **सङ्ख्या** | ३४ | १० | ८ | १ | १ | १ | १ | ३ | ५९ |
| | **प्रतिशत** | ५७.६२% | १६.९४% | १३.५५% | १.७०% | १.७०% | १.७०% | १.७०% | ५.०९% | १००% |

स्रोत : स्थलगत अध्ययन २०७०

अध्ययनभित्र पर्ने मुद्दाहरूमा कर्तव्य ज्यान, जर्वजस्ती करणी, चोरी र अन्य कुन जातिको बढी प्रभाव, संलग्नता रहेको छ भन्ने प्रश्नको उत्तर प्राप्त तथ्याङ्कको आधारमा खोजीएको छ । यस अनुसार कर्तव्य ज्यानमा संलग्न ३४ जनामध्ये सबभन्दा बढी जनजाति १६ जना, घट्दो क्रममा क्रमशः दलित १० जना र क्षेत्री ८ जना संलग्न रहेछन् भने जर्वजस्ती करणीमा संलग्न जम्मा १० जनामध्ये सबभन्दा बढी दलित ६ जना, जनजाति २ जना र (क्षेत्री र ब्राह्मण)ले १/१ जना त्यसरी नै चोरीमा संलग्न जम्मा ८ जनामध्ये जनजाति र दलितका ३/३ जना र ब्राह्मण/क्षेत्रीका १/१ जना संलग्न रहेको पाइयो ।

उक्त आधारमा कर्तव्य ज्यान मुद्दामा जनजातीको विशेष संलग्नता, जर्वजस्ती करणीमा दलितको विशेष प्रभाव देखियो भने जनजाती र दलितको चोरीमा संलग्नता रहेको पाइयो ।

# अध्याय छ

# सारांश, निष्कर्ष र सुझावहरू

## ६.१ अध्ययनको सारांश

कारागार मानव समाजको एउटा एकाइ भएकाले यसको सुधार र त्यहाँ रहेका बन्दीहरूको अपराधी प्रवृत्तिको नियन्त्रण र निषेधका निम्ति उनीहरूलाई मानवोचित व्यवहार गर्नु पर्ने, कारागारमा सोही अनुसारको उपयुक्त भौतिक, सामाजिक, सांस्कृतिक वातावरण निर्माण गर्नु पर्ने हुन्छ । यिनै मानवीय संवेदनालाई केन्द्रमा राखी "बन्दीहरूको जीवन पद्धति एक अध्ययन" शीर्षक छनौट गरी अनुसन्धान प्रकियाको अगाडि बढाइएको हो जसले गर्दा उनीहरूको यथार्थ अवस्थाबारे जानकारी लिन सकियोस् ।

बन्दीहरूको अपराधप्रतिको दृष्टिकोण र कारागारको समाज बुझ्ने उद्देश्यका साथ गरिएको यो अनुसन्धान मानवीय संवेदनाको कोणबाट हेर्दा अत्यन्त आवश्यक, महत्त्वपूर्ण र औचित्यपूर्ण रहेको छ । अझ हालसम्म कारागार सम्बन्धी अध्ययन, अनुसन्धान नभइ रहेको अवस्थामा यस अध्ययनले आफैमा साच्चिकै ऐतिहासिक र विशिष्ट भूमिका निर्वाह गर्ने छ । स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि आठौंपत्रको परिपूर्तिको सन्दर्भ, समय, जनशक्ति र आर्थिक अभावको कारणले सीमित गरिएको यो अध्ययन म्याग्दी कारागारका हालका मुद्दाहरू कर्तव्य ज्यान, जबरजस्ती करणी, चोरी, लागु औषध, सार्वजनिक सवारी, ज्यान, कुटपिट अङ्गभङ्ग र खुलाउन नचाहेको सबै बन्दीहरूमा केन्द्रित छ ।

अनुसन्धान प्रक्रियामा सघन गणना विधिलाई आधार बनाई अगाडी बढाइएको यो अध्ययन वर्णनात्मक र अन्वेषणात्मक दुबै ढाँचाको छ । तथ्याङ्कको स्रोतहरू मध्ये प्राथमिक स्रोतलाई बढी जोड दिइएको छ जसले गर्दा अनुसन्धान बढी यथार्थ र वैज्ञानिक रहोस् भन्नेमा ध्यान दिइएको छ । यसका निम्ति प्रश्नावली अनुसूची, अवलोकन र छलफल विधिको उपयोग गरिएको छ भने द्वितीय स्रोतहरूमा प्रकाशित अप्रकाशित लेख, रचना, पुस्तकहरू समाविष्ट गरिएको छ ।

उपर्युक्त विधिहरूबाट संकलित सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्कहरूलाई ३८ बुँदामा केन्द्रित गरी तालिका, वृत्तचित्र, स्तम्भचित्रमा प्रस्तुत गर्दै विश्लेषण गरिएको छ । तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषणमा बन्दीहरूको विगतको (कारागारमा आउनुभन्दा पूर्व)

र हालको सामाजिक अवस्था र उनीहरूको अपराधप्रतिको धारणा, सोचलाई छर्लङ्ग्याउने प्रयास गरिएको छ ।

**अध्ययनका प्राप्तिहरू** (Findings) :

म्याग्दी कारागारका बन्दीहरूको जीवन पद्धती एक अध्ययन शीर्षकमा बन्दीहरूको अपराधप्रतिको दृष्टिकोण र सामाजिक अवस्था विश्लेषण गर्ने उद्देश्यका साथ गरिएको यस अध्ययनका प्राप्तिहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

- अनुसन्धानमा समावेश गरिएका सात मुद्दाहरूमध्ये कर्तव्य ज्यान मुद्दामा संलग्न बन्दीहरूमा शैक्षिक योग्यताको खासै प्रभाव नपरेको, आवेग मूल कारण रहेको देखियो । जातिय रूपमा जनजाती, दलित र क्षेत्री समुदायको बढी संलग्नता देखियो भने ब्राम्हाणको नगन्य मात्रमा रहेको देखियो । जबरजस्ती करणी मुद्दामा जातिय रूपमा दलितको, शैक्षिक रूपमा मध्यम योग्यताको संलग्नता बढी देखियो । चोरी मुद्दामा जातिय र शैक्षिक रूपमा छ्यासमिस पाइयो भने महिलाहरूको संलग्नता देखिएन । तिन जना साक्षर र शिक्षित बन्दीहरूले आफ्नो मुद्धाको सम्बन्धमा केही बताउन चाहेनन् ।
- सबै मुद्दामा (२५-३५) उमेर समूहका व्यक्तिहरूको संलग्नता अत्याधिक, (१५-२५) उमेर समूहका बढी र ३५ वर्षभन्दा माथि वा प्रौढ समूहका बन्दीहरूको संलग्नता कमी देखियो ।
- सङ्ख्याको आधारमा कर्तव्य ज्यान मुद्दामा सबभन्दा बढी बन्दीहरू, जबरजस्ती करणी र चोरी पनि बढी नै र सबारी ज्यान, लागुऔषध, सार्वजनिक र कुटपिट अङ्गभङ्गमा न्यून संलग्नता देखियो ।
- बन्दीहरूलाई कारागारको क्षमता भन्दा बढी सङ्ख्यामा खाँदखुँद र मिसमास गरी भेडाबाख्रा झैं राखेको पाइयो ।
- खाना र उपचारको प्रबन्ध तथा व्यवस्थापन हुने खानेको निम्ति उपर्युक्त नै र कमजोरहरूको निम्ति कमजोर रहेको पाइयो ।
- अपराध नियन्त्रण/निषेधका निम्ति मानसिक परिवर्तनका आवश्यक विधि, प्रविधि प्रयोग गरी उपयुक्त सामाजिक सांस्कृतिक वातावरण निर्माण गरेको पाइएन ।
- पुस्तकालय, औपचारिक शिक्षाको व्यवस्थापन काम चलाउ अवस्थामा रहेको पाइयो ।

- बन्दीहरू भावी जीवनप्रति आशावादी, जीवन शैलीमा, सुधारोन्मुख, अपराधप्रति पश्चाताप गरेको अवस्थामा पाइयो भने राज्यप्रति असन्तुष्ट रहेको पाइयो ।
- बन्दीहरूले आफूले गरेको अपराधको पश्चताप गर्दै बन्दी जीवन पश्चात भावी जीवनको बारेमा आशावादी हुदै सकारात्मक योजना बनाएको पाइयो ।
- अपराधमा लाग्नुका मुख्य कारण साथी सङ्गत देखियो भने लिङ्गका आधारमा महिलाभन्दा पुरुष बढी संलग्न देखियो ।
- मानव अधिकारवादी, सामाजिक सङ्घसंस्थाहरूको बन्दीहरूप्रति निर्वाह गरेको भूमिका सकारात्मक रहेको पाइयो ।
- बन्दीहरूप्रति हुने शारीरिक यातना न्यून पाइयो भने भाषा शैली पनि शिष्ट रहेको पाइयो साथै कारागार प्रशासन बन्दीहरूप्रति सकारात्मक रहेको पाइयो ।

## ६.२ निष्कर्ष

प्रस्तुत विषयमा गरिएको अध्ययनको निष्कर्षलाई निम्न अनुसार संश्लेषण गरिएको छ । बन्दीहरूको ज्ञान, सिप र क्षमताको स्तर निम्न रहेको, आत्म विश्वासमा सुधार रहेको भावी जीवनप्रति आशावादी हुन सकेको र गरीव तथा विपन्न बन्दीहरूको खाना र स्वास्थ्यको समस्या सामान्य अवस्थामा रहेको छ । बन्दीहरूमा अपराधी प्रवृतिद्वारा सञ्चालित व्यवहारले सामाजिक व्यवस्था अस्तव्यस्त हुन्छ, अपराध गराईप्रति पश्चाताप गर्नु पर्छ र जेलजीवनबाट मुक्त भइ सके पछि परिवार तथा समाजका निम्ति सकारात्मक भूमिका निर्वाह गर्नु पर्छ भन्ने विचार र भावनाको विकास भएको पाइयो ।

## ६.३ सुझाबहरू

अध्ययनबाट प्राप्त ज्ञानका आधारमा जिम्मेवार तथा जवाफ देही पक्षसँग सम्बन्धित रहने गरी सचेतनापूर्ण बुझाइ र कार्यान्वयनको पक्षमा जोड दिनाका निम्ति सविनम्र अनुरोध गर्दै निम्न सुझाबहरू प्रस्तुत गरिएको छ ।

१. राज्यपक्षले मानव अधिकारवादी तथा सामाजिक सङ्घसंस्थाहरूसँग मिलेर साझेदारीका रूपमा बन्दीहरूको हितका निम्ति कार्य सञ्चालन गर्नु पर्ने ।

२. मानवीय संवेदनात्मक पक्षसँग सम्बन्धित प्रशिक्षण, छलफल जस्ता विभिन्न विधि र प्रविधिका माध्यमबाट बन्दीहरूको अपराधी मानसिकताको रूपान्तरणका निम्ति विशेष जोड दिनु पर्ने ।

३. बन्दीहरूको सङ्ख्याका आधारमा भौतिक संरचना व्यवस्थापन गरी उपयुक्त बसाइ-सुताइको व्यवस्था मिलाउनु पर्ने ।

४. विशेष मुद्दाहरूको छनौट गरी अपराधी प्रवृत्तिको झन् केन्द्रीकरण हुन नदिनका निम्ति छुट्टा छुट्टै राख्ने व्यवस्था हुनु पर्ने ।

५. सरकारी भान्सा र शौचालय थप व्यवस्था गर्नु पर्ने ।

६. गरिब कमजोर बन्दीहरूको खाना, स्वास्थ्य उपचार सेवामा विशेष ख्याल गर्नु पर्ने ।

७. निरन्तर सिपमूलक तालिमको व्यवस्था तथा उत्पादित वस्तुको बजार व्यवस्था मिलाउनु पर्ने ।

८. औपचारिक, अनौपचारिक शिक्षाद्वारा बन्दीहरूको ज्ञान, चिन्तन स्तर विकास गर्नाका निम्ति बन्दीहरूमध्येबाट शिक्षक छनौट गरी कक्षा सञ्चालनको व्यवस्था गर्नु पर्ने ।

९. परिवारका सदस्यहरू तथा आफन्तहरूले भेटघाटका अवसरमा भविष्यप्रति आशावादी, उत्साहित हुने किसिमको कुराकानी र व्यवहार गर्नु पर्ने ।

१०. मानव अधिकारवादी, सामाजिक सङ्घसंस्थाहरूले आफूले सञ्चालन गरेका कार्यक्रमहरूको उपलब्धि बारे विशेष सचेत रहनु पर्ने ।

११. मनोरञ्जनका साधनहरू र पुस्तकालयलाई थप व्यवस्थित गर्नु पर्ने ।

## सन्दर्भ सामग्रीहरू


आचार्य, बलराम, **समाजको नमूना** (वि.सं.२०५७)

इन्सेक (१९९६), **मानव अधिकार वर्ष पुस्तक**, काठमाण्डौं ।

कारागार ऐन २०१९, श्री ५ को सरकार, गृह मन्त्रालय, मुद्रण विभाग, सिंहदरबार काठमाण्डौं ।

कारागार व्यवस्थापन विभाग (२०५३), **कारागार निर्देशिका**, मुद्रण विभाग, सिंहदरबार काठमण्डौं ।

कारागार व्यवस्थापन विभागको वेभ साइट www.dopm.gov.np ।

गुरागाइ नेपाल (२०५४), **कारागार भित्रको कारागार**, नेपालमा बन्दी महिलाको अवस्था, इन्सेक, काठमाडौं ।

नेपाल महिला सङगठन, **महिला न्यायिक सेवा परियोजना** (२०४६), कारागारमा रहेकामा जबान कैदीहरू, काठमाण्डौं, नेपाल ।

नौलोघुम्ती नेपाल शिक्षा मुलक **"सन्देश पुस्तिका"** (वि.सं. २०६६)

प्याकुरेल, सुशील (२०५४), **कारागारभित्रको कारागार**, इन्सेक काठमाण्डौं ।

प्रधानाङ्ग, रंजितभक्तः, **'नेपाली फौजदारी कानुनको सामान्य परिचय'** (वि.सं. २०५०)

बघेल, डा.डी.एस. : **अपराध शास्त्र** (सन् १९८६)

भण्डारी बद्रीराम (२०४७), **करागार सुधार समिति** २०४७ को अन्तिम प्रतिवेदन काठमाण्डौं ।

शर्मा, डा. लोकेन्द्र (२०६७), **अपराधशास्त्र**, पैरवी प्रकाशन ।

**अनुसूची एक**

**म्याग्दी कारागारको बन्दीहरूको जीवन पद्धति एक अध्ययन**

**प्रश्नावली अनुसूची**

कारागार ………………………………………… मिति : ………………

१. उत्तर दाताको नाम थर : ……………………………

२. ठेगाना : ………………………………………………

३. लिङ्गः क) पुरुष ख) महिला

४. धर्म : क) हिन्दू ख) बौद्ध ग) क्रिस्चियन घ) अन्य

५. जाति : क) ब्राह्मण ख) क्षत्री ग) मगर घ) गुरुङ ङ) अन्य

६. वैवाहिक स्थितिः क) विवाहित ख) अविवाहित

७. पेसा : क) व्यापार ख) कृषि ग) जागिर घ) अन्य

८. उमेर समूह : क)१५ देखि २५ सम्म ख) २५ देखि ३५ सम्म
ग) ३५ भन्दा माथि

९. शिक्षा : क) निरक्षर ख) साक्षर ग) प्रवेशिका
घ) प्रमाण पत्र ङ) स्नातक

१०. औसत मासिक आम्दानी :
क) ५०० सम्म ख) ५०० देखि १०००सम्म
ग) १००० देखि ५००० सम्म घ) ५००० देखि १०००० सम्म
ङ) १०००० देखि २०००० सम्म च) सो भन्दा माथि

११. परिवार (किसिम) : क) एकल ख) संयुक्त

१२. आफ्नो जमिन : क) छ ख) छैन

१३. जमिनको किसिम : क) घडेरी ख) खेत ग) बारी घ) पाखो

१४. सवारी साधन : क) छ ख) छैन

१५. यदि छ भने : क) साइकल ख) मोटरसाइकल ग) कार घ) बस ङ) अन्य

१६. छोराछोरी : क) छ ख) छैन

१७. उमेर पुगेका छोराछोरी क) पढ्दैनन् ख) प्रा.वि. ग) नि.मा.वि.

घ) मा.वि.  ङ) क्याम्पस  च) अन्यमा पढ्छन्

१८. छोराछोरी पढ्ने विद्यालय : क) सामुदायिक  ख) निजी

१९. गिरफ्तार मिति : ..................................

२०. जेल परेको मिति : ..................................

२१. आरोपित मुद्दा : ..................................

२२. सम्बन्धित क्षेत्रप्रतिको आकर्षणको माध्यम : क) परिवारका सदस्य ख) साथी सङ्गत ग) अन्य

२३. सम्बन्धित क्षेत्रमा लाग्नुका कारण : क) आर्थिक ख) सामाजिक ग) शैक्षिक घ) राजनैतिक

ङ) अन्य

२४. बन्दीहरू राखिएको छ : क) क्षमता अनुसार  ख) क्षमता भन्दा बढी

२५. टोइलेट, बाथरुमको व्यवस्था : क) राम्रो छ  ख) राम्रो छैन  ग) ठिकै छ

२६. खानाको व्यवस्था : क) राम्रो छ  ख) राम्रो छैन  ग) ठिकै छ

२७. लाइबेरीको व्यवस्था : क) राम्रो छ  ख) राम्रो छैन  ग) देखाउनको लागि मात्र छ

२८. औपचारिक शैक्षिक अध्ययन सुविधा : क) राम्रो छ  ख) राम्रो छैन

२९. खेल्ने घुम्ने व्यवस्था : क) राम्रो छ  ख) राम्रो छैन

३०. टेलिभिजनको व्यवस्था : क) छ  ख) छैन

३१. उपचार व्यवस्था : क) राम्रो छ  ख) राम्रो छैन  ग) ठिकै छ

३२. अपराधी प्रवृत्ति निराकरण/नियन्त्रण सम्बन्धी प्रतिशक्षण, छलफल आदिको व्यवस्थाः

क) छ  ख) छैन

३३. सिपमूलक तालिमको सुबिधा : क) नियमित छ  ख) नियमित छैन ग) देखाउनाका लागि मात्र छ

३४. उत्पादित वस्तुहरू ..............................................

३५. बजार व्यवस्थापन : क) छ  ख) छैन

३६. बढी समय के गर्ने हुन्छ ? क) सुत्ने  ख) खेल्ने  ग) टि.भि हेर्ने

घ) पढ्ने  ङ) गफ गर्ने  च) अन्य

३७. आरोपित मुद्दा अनुसार बसाइ : क) फरक छ  ख) एकै ठाउँमा छ

३८. सरसफाइ नियमित : क) हुन्छ  ख) हुँदैन

३९. शारीरिक यातना :  क) छ  ख) छैन

४०. मानसिक यातना :  क) छ  ख) छैन

४१. प्रशासनको बन्दीप्रतिको दृष्टिकोण : क) सकारात्मक छ  ख) नकारात्मक छ

४२. प्रशासन/सुरक्षा कर्मीको बन्दीसँग प्रयोग गर्ने भाषा शैली : क) सभ्य छ  ख) असभ्य छ

४३. बन्दीप्रति नाइकेको भूमिका :  क) प्रशासक  ख) व्यवस्थापक  ग) सहज कर्ताको रूपमा छ

४४. बन्दीहरूको भाषा शैली :  क) अश्लील छ  ख) शिष्ट छ

४५. बन्दीहरूको जीवन शैली :  क) सुधारोन्मुख छ  ख) उस्तै हो  ग) झन् खस्कदो छ

४६. अपराध गराइप्रति पश्चात्ताप : क) छ  ख) छैन

४७. भावी जीवनप्रति :  क) आशावादी  ख) निराशावादी

४८. बन्दीको जीवन पद्धति समाज उपयोगी बनाउने मुख्य दायित्व हो :

क) राज्य  ख) परिवार  ग) समुदाय  घ) अन्य

४९. अपराधी प्रवृत्तिको विकासले मानव समाज : क) अस्तव्यस्त हुन्छ  ख) ठिकै हुन्छ

५०. बन्दीहरूलाई अपराधी मानसिकताबाट टाढा राख्नु कारागारको वातावरण कस्तो हुन पर्ला :

क) ..........................................................................

ख) ..........................................................................

ग) ..........................................................................

घ) ..........................................................................

५१. भावी जीवनको बारे के के योजना बनाउनु भएको छ ?

क) ..........................................................................

क) ..........................................................................

क) ..........................................................................

**यहाँको सहयोगको लागि धन्यवाद !**

<u>अध्ययनका क्रममा खिचिएका केही तस्बिरहरू</u>















म्याग्दी सुधारगृह पुस्तकालय
(Prison Fellowship









